# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ९७ | काठमाडौं | मंगलबार, १३ साउन २०८२ | Prabhab National Daily | Tuesday, 29 July 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


# रञ्जिताको घुस प्रकरणले विवादमा नागरिक उन्मुक्ति

## बास्तोलालाई कार्यवाहक अध्यक्ष बनाएर कारबाहीबाट पन्छिने दाउ

■ जेबी योञ्जन

**काठमाडौं–** नागरिक उन्मुक्ति पार्टी (नाउपा)को अध्यक्षबाट रञ्जिता श्रेष्ठ चौधरीलाई हटाउने अन्तिम तयारीमा थिए- संरक्षक रेशमलाल चौधरी। उनी पार्टीमा बहुमत केन्द्रीय सदस्यको नेतृत्व गर्छन्। रञ्जिता अल्पमतमा छिन्।

पोखराको अमरदीपमा रहेको १३५ रोपनी जग्गा हडप्न घुस लिएको काण्डमा रञ्जिता मुछिएपछि त उनलाई हटाउन रेशम पक्षले आइतबार केन्द्रीय समिति बैठक बोलायो। 'कागभन्दा कोइली चंखो' भनेझैं रेशम पक्षले हटाउनुभन्दा अघि नै रञ्जिताले वरिष्ठ नेता शिव बास्तोलालाई कार्यवाहक अध्यक्षको जिम्मेवारी दिइन्। उनले आफू बिरामी भएको बताइन्।

जबकि, यसअघि नै नाउपाका बहुमत सदस्यहरूले रञ्जितालाई केन्द्रीय समिति बैठक डाक्न मागसहित २४ घण्टे अल्टिमेटम दिएका थिए। यदि बैठक डाकेर पछिल्लो समय उठेका विषयमा चित्त बुझ्दो जवाफ नदिएमा बहुमतले कारबाही गरेर हटाउने उनीहरूको चेतावनी थियो।

यहीबीच ८ साउनमा रेशमले फेसबुक पेजमा १५ मिनेट लामो भिडियो सन्देश जारी गर्दै पोखरास्थित लिची बगानको जग्गा हडप्न 'घुस डिल' गरेकोसहितका विषयमा पार्टी बैठक राखेर चित्तबुझ्दो जवाफ दिन माग गरेका थिए। यसप्रति रञ्जिताले रेशमको मागअनुसार बैठक डाक्नुको साटो बास्तोलालाई कार्यवाहक अध्यक्षको जिम्मेवारी दिएर आफू कारबाहीबाट जोगिने कोसिस गरेकी हुन्। यो उनको कारबाही छल्ने रणनीतिक प्रसास हो।

यसक्रममा उनले भनेकी छन्,



- रेशम पक्षले कारबाहीको डण्डा चलाउन खोजेपछि कार्यवाहक अध्यक्षको जिम्मेवारी बास्तोलालाई
- अध्यक्ष रञ्जिता बिरामी भएको दाबी
- लिची बगैँचा काण्डले रञ्जिताको अध्यक्ष पद धरापमा

'मेरो स्वास्थ्य अवस्था बिग्रिएको छ। त्यसैले मैले पार्टीलाई समय दिन सक्ने अवस्था रहेन। यस विषम् परिस्थितिमा नागरिक उन्मुक्ति पार्टीको विधान २०७८ को धारा २० को उपधारा (९) बमोजिम यस पार्टीको वरिष्ठ नेता शिव वास्तोलालाई मेरो अनुपस्थितिमा पार्टीको कार्यवाहक अध्यक्षको जिम्मेवारी सम्हाल्नका लागि यो पत्रमार्फत् तोकिएको छ।'

बाँस्तोलाले पार्टीका गतिविधिलाई सफलतापूर्वक अगाडि बढाउने भन्दै आफू भने विश्राममा रहेको उल्लेख गरेकी छिन्। रञ्जिताविरुद्ध भने संरक्षक रेशमले बहुमत केन्द्रीय सदस्यहरू जुटाएका छन्। यससँगै नागरिक उन्मुक्ति संकटमा परेको छ। रेशमपक्षीय नेता घनश्याम चौधरीका अनुसार रञ्जितालाई घुस काण्डको अडियो सार्वजनिकपछि पार्टी अध्यक्षबाट कारबाही गर्ने तयारी छ।

'पार्टी अध्यक्ष माननीय रञ्जिता श्रेष्ठ चौधरीको अडियो सार्वजनिक भयो, जहाँ घुसबारे कुरा छ र त्यसले पार्टीलाई गम्भीर क्षति पुग्यो,' घनश्यामले भने, 'त्यसो हुनाले हामी उहाँलाई हटाउन चाहन्छौं।'

कानुनीरूपमा जोगिन रञ्जिताले चलाखी गरेर कार्यवाहक दिएको अवस्थामा रेशमले भने पार्टी अध्यक्षमा अर्कै नेतालाई ल्याउने तयारी गरेका छन्। स्रोतका अनुसार उनले गंगा चौधरी वा बुवा कुलवीर चौधरीलाई अध्यक्षमा ल्याउने कोसिस गरेका छन्। उनै रेशमले लागेको घुसकाण्डबारेको आरोपबारे जवाफ दिन श्रीमती रञ्जितालाई भनेका थिए। रञ्जिताले जवाफ दिएकी छैनन्। उनले मिडियामा भने अस्वीकार गरेकी छन्।

तर, उनी घुस प्रकरणमा मुछिएपछि पार्टीभित्रै दबाब झेलिरहेकी छन्। स्वास्थ्यको कारण देखाउँदै रञ्जिताले कार्यवाहक अध्यक्षको जिम्मेवारी भने बास्तोलालाई दिइन्। यो जिम्मेवारी भने राजनीतिमा प्रवेश गरेको छोटो समयमै शिवको काँधमा आइपरेको हो।


क्रमशः पृष्ठ २ मा


भूमिसम्बन्धी विधेयकमाथि छलफल

# सरकारले वन फाँडेर जग्गा बाँड्न खोजेको सत्तारुढ दलकै आरोप



अव्यवस्थित बसोबासीको नाममा जंगल फडानी गरी जग्गा बाँड्न खोजेको देखिन्छ। यो संवेदनशील विषय हो

■ **दिलेन्द्र बडू**
सांसद, नेपाली कांग्रेस



आगामी दिनमा वन क्षेत्रको आकार झनै घटेर जान्छ। भएको वन क्षेत्रलाई जोगाउन कुरामा कतै कमी कमजोरी हुन दिनु हुँदैन।

■ **विश्वप्रकाश शर्मा**
महामन्त्री, नेपाली कांग्रेस



छलफलमा माननीय सदस्यहरूले सार्वजनिक जग्गा कम्पनीलाई दिने व्यवस्था गर्न लागियो भने व्याख्या गर्नुभयो। यस्तो होइन। विधेयकको ५२ मा रहेका उपदफाहरूमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीका लागि हो।

■ **बलराम अधिकारी**
मन्त्री, भूमि व्यवस्था



प्रतिनिधिसभाअन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको सोमबार सिंहदरबारमा बसेको बैठक। *तस्बिरः रासस*

■ प्रभाव संवाददाता

**काठमाडौं–** झण्डै पारित भएर पनि रोकेको 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८२' माथि संशोधनकर्तासँग छलफल सुरु गरिएको छ। कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा सोमबार सुरु भएको छलफलमा संशोधनकर्ताहरूले महँगा जमिन सुकुम्बासीलाई बाँड्न खोजेको आरोप लगाए।

कांग्रेस सांसद दिलेन्द्र बडुले अव्यवस्थित बसोबासीको नाम गरी सरकारले जंगल फाँड्ने नीति लिएको दाबी गरे। 'अव्यवस्थित बसोबासीको नाममा जंगल फडानी गरी जग्गा बाँड्न खोजेको देखिन्छ। यो संवेदनशील विषय हो,' बडुले भने। विधेयकमा अव्यवस्थित बसोबासीलाई पनि जमिन उपलब्ध गराउने प्रस्ताव गरिएको छ।

यस्ता खाले शब्द राख्दा सार्वजनिक जग्गा नै बाँकी नरने बडुको तर्क रहयो। 'भूमिहीन किसान, भूमिहीन दलितहरूलाई सरकारले जग्ग दिने एकपटकका लागि हो। संविधानको स्पिरिट र भूमि आयोगको कार्यादेश पनि यही हो। तर यसमा अव्यवस्थित बसोबासी राख्नु हुँदैन। अव्यवस्थित बसोबासी राखिनुको नियत सही छैन। अव्यवस्थित बसोबासीलाई बसेको ठाउँको जग्गा बाँड्ने हो भने सरकारी/सार्वजनिक जग्गा बाँकी रहँदैन,' समितिमा बडुले भने।

विधेयकको दफा २ 'क' मा स्थानीय तहको सहमतिमा 'सार्वजनिक जग्गा, नदी, खोला वा नहर किनाराको जग्गा जोखिमयुक्त बसोबास गरिएको जग्गा, राष्ट्रिय निकुञ्ज वा आरक्षको जग्गा, हाल रुख बिरुवाले ढाकिएको वनको जग्गा र सडक सीमाभित्रका जग्गा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी वा अव्यवस्थित बसोबासीलाई उपलब्ध गराउने प्रस्ताव गएिको छ।


क्रमशः पृष्ठ २ मा


### ७२ सांसदको संशोधन प्रस्ताव

संसद् सचिवालयका अनुसार भूमिसम्बन्धी विधेयकमा ७७ जनाले संशोधन प्रस्ताव दर्ता गराएका छन्। सत्तारुढ दल नेपाली कांग्रेसले चारवटा संयुक्त प्रस्तावमा सात बुँदामा संशोधन राखेको सांसदहरूले बताएका छन्। संशोधन प्रस्तावमा जग्गा व्यवसाय गर्न अनुमति लिएको कम्पनीले प्रचलित कानुनबमोजिम जग्गा खरिद गर्नसक्ने तर बिक्री वितरण गर्न नसक्ने व्यवस्थालाई संशोधन गर्ने प्रस्ताव दर्ता गरेको छ।

विधेयकमा राखिएको प्रतिबन्धात्मक व्यवस्थाको ठाउँमा दुई महामन्त्रीले राखेको संशोधन प्रस्तावमा भनिएको छ, 'तर, प्रचलित कानुनबमोजिम हदबन्दीको छुट लिँदा कुनै कृषि फार्म,


क्रमशः पृष्ठ २ मा


सन्दर्भः वैदेशिक रोजगार

# 'श्रम संसार' पोर्टल नागरिक एपमा जोडियो

## श्रमबजारको नतिजा सुधार गर्ने लक्ष्य

वैदेशिक रोजगारीमा रहेकालाई कसरी व्यवस्थित गर्ने, फर्किएर आएकालाई यहाँ कसरी व्यवस्थापन गर्ने, विदेशबाट फर्किएकालाई कसरी आन्तरिक रोजगारीमा आबद्ध गर्ने र नेतृत्व दिएर उद्यमी बनाउने भन्ने योजना बनाउन यसले सहज बनाउँछ।

■ **शरतसिंह भण्डारी**
मन्त्री, श्रम, रोजगार तथा सामाजिक सुरक्षा

■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सञ्चालनमा ल्याएको 'श्रम संसार' पोर्टल नागरिक एपमा जोडिएको छ। मन्त्रालयले सोमबार आयोजना गरेको पत्रकार सम्मेलनमार्फत उक्त पोर्टल नागरिक एपमा औपचारिकरूपमा जोडिएको घोषणा गरेको हो।

सोही पत्रकार सम्मेलनमार्फत मन्त्रालयले श्रम, रोजगार तथा सामाजिक सुरक्षासँग सम्बन्धित सेवाहरूको डिजिटल रूपान्तरण गर्ने रणनीतिक कार्ययोजना सार्वजनिक गरेको छ। यो एकीकृत प्रणालीबाट वैदेशिक रोजगारीमा रहेका नेपालीले थप सुविधा पाउने मन्त्रालयको भनाइ छ। वैदेशिक रोजगारबाट फर्किएर आएका श्रमिकको ज्ञान, सीप र पुँजीको स्वदेशमा कसरी उपयोग गर्नेजस्ता महत्त्वपूर्ण विषयहरूसमेत यसमा समेटिएको श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले जानकारी दिए।



'वैदेशिक रोजगारीमा रहेकालाई कसरी व्यवस्थित गर्ने, फर्किएर आएकालाई यहाँ कसरी व्यवस्थापन गर्ने, विदेशबाट फर्किएकालाई कसरी आन्तरिक रोजगारीमा आबद्ध गर्ने र नेतृत्व दिएर उद्यमी बनाउने भन्ने योजना बनाउन यसले सहज बनाउँछ,' मन्त्री भण्डारीले भने।

उनका अनुसार मुलुकको जुनसुकै स्थानमा रहेर पनि आफू जाने मुलुक, कम्पनीलगायतका विषयमा जानकारी पाइने हुँदा वैदेशिक रोजगारीमा हुने ठगी, अनावश्यक खर्च र बिचौलियाबाट श्रमिक बच्न सक्ने बताए। 'वैदेशिक रोजगारीमा जाने एउटा गाउँको मान्छेलाई कुन देश, कुन कम्पनी, कोमार्फत जाने केही जानकारी हुँदैन। गाउँमै बसेर कसैको सहयोगमा मलाई कतार जानु छ कसरी गर्ने हो भन्दा त्यहाँबाटै उसले जानकारी पाउने भयो,' उनले भने, 'त्यो जानकारी लिनका लागिमात्र पनि लाखौं खर्च गर्नुपर्ने हुन्छ। यो सबै सिस्टमलाई एकद्वार प्रणालीमा ल्याउन खोजिरहेका छौं।'

सम्बन्धित व्यक्तिसम्म राज्यले प्रवाह गर्ने सूचना नपुग्दा बिचौलियाले फाइदा उठाइरहेको अवस्थामा 'पेपरलेस, 'फेसलेस' र 'क्यासलेस' माध्यमबाट यो पोर्टलले सेवाग्राहीलाई सेवा दिने मन्त्री भण्डारीको दाबी छ। वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र सूचनामूलक बनाउनतर्फ सरकारले काम गरिरहेको उनले बताए। सन् २०२४ सेप्टेम्बरभन्दा पहिला गएर अलपत्र परेका श्रमिकहरूको कागजात संकलनको प्रक्रिया युएईबाट सुरु भएको उनले जानकारी दिए।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य डा. प्रकाशकुमार श्रेष्ठले श्रम संसार पोर्टलले श्रम क्षेत्रका सबै पक्षको एकीकृत विवरण राख्ने भएकाले नीति निर्माणमा सहयोग गर्ने बताए। सबै नागरिकले यसको प्रयोग गर्न सक्छन्/सक्दैनन् भन्ने अध्ययन गर्नुपर्ने उनको सुझाव थियो।

### श्रम क्षेत्रका समस्या

मुलुकको आन्तरिक रोजगारी र वैदेशिक रोजगारीलाई व्यवस्थित गर्न नसक्दा यस क्षेत्रमा विभिन्न समस्याहरू देखापरेको मन्त्रालयको निष्कर्ष छ।


क्रमशः पृष्ठ २ मा





## पृष्ठ १ बाट क्रमशः

# सरकारले वन...

'सुरु नापी हुँदाका बखत क्षेत्रीय नापी किताब वा लागतमा गौचर, हाट, हाटघाट वा बजार उल्लेख भएको जग्गामा दफा ५२ ग मा तोकेको समयावधि अगावैदेखि घर टहरा बनाई आवाद कमोत गर्दै आएको रहेछ र त्यस्तो जग्गा सुरु नापी हुँदाको बखत क्षेत्रीय नापी किताबको विरह महलमा वा लागतमा उल्लेख भएबमोजिम हाल उपयोगमा छैन भन्ने व्यहोरा जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको निर्णयसहित लेखी आएमा त्यस्तो जग्गा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी वा अव्यवस्थित बसोबासीलाई उपलब्ध गराउन बाधा पर्ने छैन,' विधेयकमा भनिएको छ ।

कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले यसो गर्दा वनको आकार घट्दै जाने आशंका व्यक्त गरे । 'आगामी दिनमा वन क्षेत्रको आकार झनै घटेर जान्छ,' शर्माले भने, 'भएको वन क्षेत्रलाई जोगाउन कुरामा कतै कमी कमजोरी हुन दिनु हुँदैन ।' असार २५ गते प्रतिनिधिसभाबाट पारित हुन लागेको विधेयक शर्मा र अर्का महामन्त्री गगन थापाले तत्काल रोक्न माग गरेपछि केही समय रोकिएको थियो । यद्यपि, पटक-पटक प्रतिनिधिसभाको कार्यसूचीमा चढाउँदै यो विधेयक समितिमा फर्केको हो ।

सरकारले गिरिबन्धु टी-स्टेटजस्ता प्रयोजनका लागि किनेको जग्गा साटफेर गर्न सकिनेगरी विधेयक संशोधन गर्न लागेको भन्दै कांग्रेसले विधेयक रोकेको थियो । 'एउटा कुराका लागि लिएको जमिन अर्को कामका लागि प्रयोग गर्न पाउने व्यवस्था हटाउनु पर्छ,' सोमबारको समितिमा शर्माले भने, 'बरु दुई दिन समय लगाएर भए पनि आगामी दिनमा गम्भीर प्रश्न उठ्न नसक्नेगरी कानुन बनाउनुपर्छ ।'

नेकपा माओवादी केन्द्रका सांसद माधव सापकोटाले यो विधेयकले भूमि महिलाको स्वामित्वमा हुने कुरामा पनि प्रोत्साहन गर्नुपर्ने सुझाव दिए । 'भूमिको उपयोगसम्बन्धी सीमाको विषयमा विधेयक गम्भीर हुनुपर्छ । भूमि महिलाको स्वामित्वमा हुने कुरामा पनि विधेयकले प्रोत्साहन गर्नुपर्छ । भूमि बैंकको स्थापना, भूमि व्यवस्थापनको बारेमा स्पष्ट बुझाइ हुनुपर्छ । भूमिसम्बन्धी विवाद समाधान गर्न स्पष्ट कानुनी संरचनाको विषयमा पनि विधेयकले बोल्नुपर्छ,' सापकोटाले भने । राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद सुमना श्रेष्ठले सरकारले भूमि विधेयकलाई चुनावी एजेण्डा बनाउन खोजेको आरोप लगाइन् । 'भूमि सुरक्षित आवासको रूपमा हेर्नुपर्छ । नभए हरेकचोटि निर्वाचनमा लालपुर्जा बाँड्छु भन्नेबाहेक अर्को चुनावी एजेण्डा हुँदैन,' श्रेष्ठले भनिन् ।

भूमि व्यवस्थामन्त्री बलराम अधिकारीले भने सतहमा पुगेर अध्ययन नगरी सतहीरूपमा हल्ला गरिएको दाबी गरे । 'हामीले विधेयकको सतहमा नपुगेर हल्ला धेरै गरियो कि जस्तो लाग्छ । हाउजिङ कम्पनीले जग्गा कारोबार गर्दा अथवा हाउजिङ निर्माण गरेर बेच्दाखेरी उहाँहरूले आफूले किनेको नम्बरी जग्गाबाट पनि हदबन्दीभन्दा बढी रहेछ भने त्यो नपाउने भनेर हामीले स्पष्ट रूपमा विधेयकमा लेखेका छौं,' मन्त्री अधिकारीले भने । उनले सार्वजनिक जग्गा कम्पनीलाई दिन लागियो भनेर व्याख्या गरेको गलत भएको दाबी गरे ।

'सूचित आदेश भनेको सरकारले बनाएको नियम हो । सरकारले बनाएको नियम भएको हुनाले सूचित आदेश भनेर हामीले स्पष्ट रूपमा भनेका हौं । त्यो आदेशले उपत्यकामा ५० रोपनी, पहाडमा १०० रोपनी र तराईमा २० बिघाभित्र उनीहरूको लिएको नम्बरी जग्गाभित्र हाउजिङ निर्माण गरेर सरकारले अनुमति लिएरमात्र बेच्न पाउने भनेर भनेको छ,' मन्त्री अधिकारीले भने, 'छलफलमा माननीय सदस्यहरूले सार्वजनिक जग्गा कम्पनीलाई दिने व्यवस्था गर्न लागियो भने व्याख्या गर्नुभयो । यस्तो होइन । विधेयकको ५२ मा रहेका उपदफाहरूमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लागि हो ।'

■■■

# ७२ सांसदको...

चिया उद्योगजस्ता व्यावसायिक कृषि उद्योग, प्रतिष्ठान, शिक्षण संस्था,स्वास्थ्य संस्था आदि प्रयोजनका लागि भनी छुट लिएको वा स्वीकृति लिएको जग्गा सोही प्रयोजनका लागि तोकिएको सर्तबमोजिम उपयोग नगरी खाली (बाँझो) राखेको वा फरक प्रयोजनमा प्रयोग गरेको वा पछि घर जग्गा व्यवसाय कम्पनी खडा गरी उक्त कम्पनीका नामबाट उक्त जग्गामा घरजग्गा व्यवसाय गरेको वा त्यस्तो व्यवसाय गर्ने स्वीकृत लिएको वा स्वीकृतिका लागि निवेदन दिएको रहेछ भने पनि पहिले कृषि उद्योगलगायत अन्य प्रयोजनका लागि छुट वा स्वीकृत लिएको सो जग्गामा घरजग्गा व्यवसाय गर्न, घडेरी वा त्यस्तो घडेरीमा घर आवास कार्य (अपार्टमेन्ट) निर्माण गरी यस दफाबमोजिम बेचबिखन गर्न पाइने छैन ।'

हदबन्दीभन्दा बढीको जग्गा पतञ्जलि योगपीठ र गिरिबन्धु टी-इस्टेटमा दुरूपयोग भएकाले त्यस्तो हुन नदिने कानुनी व्यवस्था हुनुपर्ने उनीहरूको माग छ । दुई महामन्त्री थापा र शर्माले घरजग्गा व्यवसायको हदबन्दी छुटसम्बन्धी विशेष व्यवस्था शीर्षक राख्नुपर्ने संशोधन प्रस्ताव राखेका छन् । गिरिबन्धु टी-इस्टेटको जग्गा प्लटिङ गरेर बिक्री गर्न नपाउने व्यवस्था हुनेगरी संशोधन हुनुपर्ने माग कांग्रेस महामन्त्री शर्माले गरेका थिए ।

■■■

# रञ्जिताको घुस...

उनले भने, 'एकता नै प्रमुख मेरो एजेण्डा हो । मलाई रेशमपक्ष कि रञ्जितापक्ष भनेर धेरैले सोध्नुहुन्छ । तर म नाउपापक्षको हो । म दुवैको नेतृत्वमा समितिमा रहें ।' पार्टीलाई सर्वस्वीकार्य बनाउन लाग्ने उनले बताए । लामो समय नेतृत्व गरौं भन्ने आफूलाई नभएको तर पार्टीचाहिँ बनाउनुपर्ने उनको भनाइ थियो । नाउपाको प्रमुख पदाधिकारीमध्येकै भूमिका पाएपछि शिव पछिल्लो समय काठमाडौंमा बस्न थालेका थिए । तराई, मधेसमा प्रभाव रहेको नाउपाको कार्यवाहक अध्यक्षको जिम्मेवारी पाउने शिव भने खासै प्रभाव नभएको पोखराका छन् ।

पार्टी विधानअनुसार भन्दै रञ्जिताले पोखराकै बास्तोलालाई जिम्मेवारी दिनु र लिचिबारी प्रकरण पनि पोखराकै भएकाले कतिपयले यसलाई जोडेर हेरेका छन् । त्यसमाथि शिवले पनि घरजग्गाको कारोबार गर्ने गरेका थिए ।

रञ्जिताले पनि श्रेष्ठ लेख्ने र शिवले पनि पोखराकै श्रेष्ठ विवाह गरेकाले अलि नजिकको दिदीभाइको जस्तो सम्बन्ध रहेको उनी बताउँछन् । तर बास्तोलाले भने लिचिबारी प्रकरण आफूले समाचार पढेपछि मात्रै थाहा पाएको बताए । 'मैले पनि समाचार पढेर नै लिची बगैंचाबारे थाहा पाएको हुँ । त्यसभन्दा अगाडि कुनै पनि जानकारी थिएन र मैले जिम्मेवारी पाउनुसँग यसको कुनै सम्बन्ध पनि छैन,' उनले प्रभावसँग भने ।

■■■

# 'श्रम संसार'...

सूचनाको अभावमा बेरोजगारले रोजगारी नपाउने, श्रमबजारको माग र श्रमिकको सीपबीच बेमेल कायम भइरहने, सही सूचनाको अभावमा तथ्यभन्दा फरक नीति बन्नेजस्ता समस्या आन्तरिक रोजगारीमा देखापरेको जनाइएको छ ।

वैदेशिक रोजगारीमा सात तहसम्मको बिचौलियाको समूहले श्रमिकको लागत बढाएको, उनीहरू चर्को ब्याजको पासोमा परेको, फर्जी स्वास्थ्य जाँच र अभिमुखीकरणका कारण उनीहरू विदेशमासमेत पीडित बन्नुपरेको मन्त्री भण्डारीले उल्लेख गरे ।

मन्त्रालयको अध्ययनअनुसार वैदेशिक रोजगारीमा रहेका श्रमिकको सम्पर्क तथा स्थान पत्ता नलाग्दा उद्धारमा कठिनाइ हुने, कन्सुलर सेवा लिन तथा दूतावासमा सम्पर्क गर्न कठिनाइ, श्रमिकमा मानसिक समस्याका कारण बढ्दो आत्महत्या र विप्रेषणको उचित प्रयोगका विषयमा जानकारीको अभाव हुने गरेको छ ।

## 'श्रम संसार' किन ?

समावेशी तथा प्रभावकारी श्रमबजार सूचना प्रणालीको निर्माण गरी श्रमबजारको नतिजा सुधार गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षाको डिजिटलाइजेसन आवश्यक रहेको मन्त्रालयले जनाएको छ । एकीकृत श्रम तथा रोजगार तथ्यांक व्यवस्थापन, तथ्यांकमा आधारित प्रभावकारी नीति, अद्यावधिक सूचना र सेवा प्रवाहमा सुधार गर्न यो प्रणाली महत्त्वपूर्ण रहेको जनाइएको छ ।

मन्त्रालयका अनुसार यो प्रणालीले औपचारिक तथा अनौपचारिक क्षेत्रमा श्रमिकको उपलब्धता र बेरोजगारी दरको मूल्यांकन गर्ने छ । श्रमबजारमा सीप र दक्षताको मागअनुरूपको जनशक्ति तयार गर्ने, बेरोजगारलाई शिक्षा, सीप तथा दक्षता अभिवृद्धिमा सहयोग गर्ने, रोजगारीका क्षेत्रलाई वर्गीकरण गर्ने, अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन मानव संसाधनको विकास गर्नेलगायतमा यसले सहयोग गर्ने मन्त्रालयको भनाइ छ ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/०६/१८ मा दर्ता भएको **प्रा. लि. नं. २००३०५** को **के.एल.एम.एन. ट्रेडर्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०४/०९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**भागेश्वर सुगर एण्ड केमिकल्स इण्डष्ट्रिज प्रा.लि.**
**पुर्नवास-०२, कञ्चनपुर**
**मूल्य सुची**

यस उद्योगबाट उत्पादित मोलासेस Extra Neutral Alcohal 68 OP (ENA) प्रतिलिटर मूल्य रु. १३०/- ले मिति २०८२/०४/१३ देखि बिक्री गरिने भएकोले सबैको जानकारीका लागी यो मूल्य सुची प्रकाशित गरिएको छ । यस मूल्यमा अन्त: शूल्क तथा मू.अ.कर समावेश गरिएका छैन ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**
**दोस्रो पटक प्रकाशित मितिः २०८२/०४/१३**

यस कम्पनीको मिति २०८२/०२/२० मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **एस्पायर टु लाइफ ग्रिन इकोलोजिकल गार्डेन** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **साकुराबासी जापानिज ल्याङ्वेज ट्रेनिङग ईन्ष्टिच्युट** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०४/०९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **साकुराबासी जापानिज ल्याङ्वेज ट्रेनिङग ईन्ष्टिच्युट**(प्रा.लि.नं.१५८५७८) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**
**हक दावी गर्न आउने बारेको सूचना**
*प्रकाशित मिति २०८२/०४/१३ गते*

यस कार्यालयमा मिति २०७२/१०/१७ मा दर्ता भएको **इनर्जीया एनालिस्ट प्राइभेट लिमिटेड (प्रा.लि.नं.१४४६३९)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भन यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हक दावी**को लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



**साउदीमा रोजगार** कम्पनी : MISSION COMPLETION CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८०/१०/03 पुन: विज्ञापन स्वीकृति मिति : २०८२/04/१२ LT. No. 297975 चलानी नं.६०२१३११२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 3 | 0 | 1000 | ३६,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २० गते (5th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम इजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

**कतारमा रोजगार** कम्पनी : A PLUS PUBLIC SERVICES

पूर्व स्वीकृति मिति : २०८२/04/११ LT. No. 327334 चलानी नं. ६०२४१७८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners Indoor | 0 | 5 | 1000 | ३७,९१९ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | WAITER | 2 | 0 | 1400 | ५३,०८७ | | | | | | | |
| 3 | WAITRESS | 0 | 2 | 1400 | ५३,०८७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २० गते (5th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Euro Tech Consultancy Pvt. Ltd. श्रम इजाजत नं. ५६७/०६२/०६३
Samakhusi, Ktm, Nepal, Tel: +977-1-4357822, Mob No. 9851021264, 9851084492, 9860568683, 9829113270, 9855059472, 9823176502, 9706899162

**युएइमा रोजगार** कम्पनी : KAF ALRAKHA BUILDING MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८२/04/११ LT. No. 327903 चलानी नं. ६०२४१७९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 50 | 0 | 1200 | ४५,१०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : KAF ALRAKHA BUILDING MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८२/04/११ LT. No. 327904 चलानी नं. ६०२४१७९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 50 | 0 | 1200 | ४५,१०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २० गते (5th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 083/053/054
Mobhira Overseas Service Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com

**कतारमा रोजगार** कम्पनी : BAHAR AL KHAIR DECORATION

पूर्व स्वीकृति मिति : २०८२/04/१२ LT. No. 327943 चलानी नं. ६०२४१७९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | supervisor | 2 | 0 | 2500 | ९४,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | building worker | 2 | 0 | 1200 | ४५,५०० | | | | | | | |
| 3 | metal csting labour | 2 | 0 | 4000 | १५१,६७५ | | | | | | | |
| 4 | dry clean worker | 2 | 0 | 1200 | ४५,५०० | | | | | | | |
| 5 | purchasing representative | 2 | 0 | 3600 | १३६,५१० | | | | | | | |
| 6 | machine operator | 2 | 0 | 3500 | १३२,७१५ | | | | | | | |
| 7 | administrative supervisor | 1 | 0 | 4000 | १५१,६७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २० गते (5th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १३०२/०७४/०७५
Lucky Human Resource Pvt.Ltd.
Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

**युएइमा रोजगार** कम्पनी : FERROPAN OILFIELD SERVICES & SUPPLIES LLC

पूर्व स्वीकृति मिति : २०८२/04/११ LT. No. 327907 चलानी नं. ६०२४१७६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fling Clerk | 15 | 24 | 2000 | ७५,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Archivers Clerk | 16 | 0 | 2000 | ७५,१७० | | | | | | | |
| 3 | Architect Contractors | 15 | 0 | 1500 | ५६,३७५ | | | | | | | |
| 4 | Carpenter | 40 | 0 | 1500 | ५६,३७५ | | | | | | | |
| 5 | Painter | 6 | 0 | 1500 | ५६,३७५ | | | | | | | |
| 6 | Scaffolder | 68 | 0 | 1500 | ५६,३७५ | | | | | | | |
| 7 | Reinforce Fittr Assistant | 14 | 0 | 1400 | ५२,६१५ | | | | | | | |
| 8 | Welder General | 11 | 0 | 1700 | ६३,८९५ | | | | | | | |
| 9 | Blacksmith | 7 | 0 | 1500 | ५६,३७५ | | | | | | | |
| 10 | Construction Carpenter | 32 | 0 | 1500 | ५६,३७५ | | | | | | | |
| 11 | Tiler Layer | 8 | 0 | 1500 | ५६,३७५ | | | | | | | |
| 12 | Civil Engineers | 30 | 0 | 5000 | १८७,९२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २० गते (5th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA Govt.Lic. No- 1168/073/074
MINAWA RECRUITMENT H.R. PVT LTD
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२**
Email: dhruvswamig@gmail.com

मंगलबार, १३ साउन, २०८२

| | |
|---|---|
| **मेष** | हडबडीले कमहरु बिग्रन सक्नेछन् । |
| **वृष** | साताको प्रारम्भ उत्साहजनक हुनेछ । |
| **मिथुन** | महगा सामानतर्फ ध्यान जानेछ । |
| **कर्कट** | खानपान र पहिरनमा खर्च हुनेछ । |
| **सिंह** | खर्च बढ्नाले अभाव देखिन सक्छ । |
| **कन्या** | व्यापार बढ्नाले राम्रै आम्दानि हुनेछ । |
| **तुला** | नोकरीमा पद प्राप्ति हुनेछ । |
| **वृश्चिक** | मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ । |
| **धनु** | अप्ठ्यारा परिस्थितिलाई सामना गर्नु पर्नेछ । |
| **मकर** | रमाइलो यात्रा, मनोरञ्जन प्राप्त हुनेछ । |
| **कुम्भ** | काम बन्नाले जोस जाँगर बढ्नेछ । |
| **मीन** | रोकिएका कम बन्ने नयाँ योजना । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| नि:शुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१३ साउन , २०८२ (२९ जुलाई, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३८.१३ | १३८.७३ |
| युरो | १ को | १६२.१९ | १६२.९० |
| पाउन्ड स्टिर्लङ | १ को | १८५.६३ | १८६.४३ |
| स्विस फ्रैन्क | १ को | १७३.७८ | १७४.५४ |
| अस्ट्रेलियन डलर | १ को | ९०.७० | ९१.१० |
| क्यानाडियन डलर | १ को | १००.८१ | १०१.२५ |
| सिङ्गापुर डलर | १ को | १०७.८० | १०८.२७ |
| जापानी येन | १० को | ९.३५ | ९.३९ |
| चिनियाँ युआन | १ को | १९.२७ | १९.३५ |
| साउदी अरब रियाल | १ को | ३६.८२ | ३६.९८ |
| कतारी रियाल | १ को | ३७.७९ | ३७.९६ |
| थाई भाट | ख १ को | ४.२७ | ४.२९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.६१ | ३७.७७ |
| मलेसियन रिङेट | १ को | ३२.७२ | ३२.८६ |
| दक्षिण कोरियन वन | १०० को | ९.९८ | १०.०३ |
| स्विडिस क्रोनर | १ को | १४.५० | १४.५६ |
| डेनिस क्रोनर | १ को | २१.७३ | २१.८२ |
| हङकङ डलर | १ को | १७.६० | १७.६७ |
| कुवेती दिनार | १ को | ४५२.९० | ४५४.८७ |
| बहराइन दिनार | १ को | ३६६.३९ | ३६७.९८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# काठमाडौं उपत्यका खानेपानी सुधार आयोजनाको पहिलो चरणका कार्य सम्पन्न

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं उपत्यका खानेपानी सुधार आयोजनाको पहिलो चरणका कार्यहरू सम्पन्न गरिएका छन् । मेलम्ची खानेपानी आयोजनाको उपआयोजना-२ अन्तर्गत आयोजना कार्यान्वयन निर्देशनालयद्वारा सञ्चालित ती आयोजनाको पहिलो चरणका कार्य सम्पन्न भएका हुन् ।

काठमाडौं उपत्यकाका पुराना र जीर्ण भएका खानेपानीका पाइपलाइनलाई नयाँ वितरण प्रणाली निर्माण गरी विस्थापित गर्ने र चुहावटरहित किसिमले स्वच्छ एवं सफा खानेपानी उपत्यकावासीका घरघरमा समानुपातिकरूपमा वितरण गर्ने उद्देश्यले उक्त आयोजना सञ्चालनमा ल्याइएको आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी) का प्रमुख लक्ष्मीराज उपाध्यायले जानकारी दिए । उनका अनुसार आयोजनाअन्तर्गत काठमाडौंका विभिन्न स्थानमा कूल ७४ हजार ५०० घनमिटर पानी भण्डारण क्षमताका १० नयाँ पोखरी निर्माण गरिएका छन् ।

आयोजनाको पहिलो चरणमा काठमाडौं उपत्यकाका विभिन्न स्थानमा नयाँ पानीपोखरी निर्माण, सुन्दरीजलस्थित पानी प्रशोधन केन्द्रदेखि विभिन्न स्थानमा रहेका पोखरीसम्म थोक वितरण प्रणाली निर्माण, उपभोक्ताका धारामा पानी पुर्‍याउन खानेपानी वितरण प्रणाली निर्माण र दुई फोहोरपानी प्रशोधन केन्द्रको निर्माण कार्य सम्पन्न भएको छ ।

त्यसैगरी, सुन्दरीजलस्थित पानी प्रशोधन केन्द्रबाट काठमाडौं उपत्यकाका विभिन्न स्थानमा रहेका पोखरीमा थोक रूपमा खानेपानी पठाउन प्रतिदिन २२ करोड लिटर क्षमताका करिब ७७ किलोमिटर नयाँ 'थोक वितरण प्रणाली' निर्माण गरिएको आयोजना कार्यान्वयन निर्देशनालयका प्रवक्ता विकेश बधानथाछेले जानकारी दिए । उनका अनुसार पोखरीबाट उपत्यकावासीका धारामा खानेपानी पुर्‍याउन कूल एक हजार १० किलोमिटर 'खानेपानी वितरण प्रणाली' निर्माण सम्पन्न भएको छ । नयाँ पाइपलाइनबाट उपत्यकावासीका धारामा खानेपानी वितरण हुँदै आएको छ र नयाँ खानेपानी प्रणालीबाट खानेपानी वितरण गर्दा चुहावटको समस्या खासै देखिएको छैन ।

नेपाल सरकारको आफ्नै स्रोतबाट स्वयम्भू, बालुवाटार, महाराजगञ्ज, धुम्बाराही, मण्डिखाटार, कपन, चाबहिल र बौद्धको दक्षिणी भेगलगायतका क्षेत्रमा थप करिब ८०० किलोमिटर खानेपानी वितरण प्रणाली निर्माण गरिएको ल्याइएको प्रमुख उपाध्यायले बताए । उनले भने, 'काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) को पानीपोखरीस्थित शाखा कार्यालयमा निर्माण गरिएको नियन्त्रण कक्षबाट स्काडा प्रणालीमार्फत हाल स्वचालितरूपमा सबै पोखरीको व्यवस्थापन र वितरण प्रणाली सञ्चालनको कार्य हुँदै आएको छ ।'

स्काडा प्रणालीमार्फत सबै पाखरीमा पानीको धमिलोपना र क्लोरिन कन्टेन्ट परीक्षण गरी गुणस्तर मापन गर्ने व्यवस्थासमेत गरिएको छ । आयोजना कार्यान्वयन निर्देशनालयबाट काठमाडौं, ललितपुर र भक्तपुरमा निर्माण थालिएका फोहोरपानी प्रशोधन केन्द्रमध्ये दुईवटा फोहोरपानी प्रशोधन केन्द्र निर्माण सम्पन्न भएको छ। काठमाडौंको गुहचेश्वरीमा प्रतिदिन तीन करोड २४ लाख लिटर फोहोरपानी प्रशोधन क्षमताको 'गुहचेश्वरी फोहोरपानी प्रशोधन केन्द्र' निर्माण गरी सञ्चालनमा ल्याइएको छ । पशुपति क्षेत्रभन्दा उपल्लो तटीय क्षेत्रबाट आउने फोहोरपानी प्रशोधन गरी सफा र स्वच्छ पानी बागमती नदीमा प्रवाह गर्ने उद्देश्यले केन्द्र निर्माण गरिएको आयोजना कार्यान्वयन निर्देशनालयले जनाएको छ ।

# सुविधाबाट वञ्चित छन् अल्पसंख्यक सुनाहा समुदाय



**दोधारा चाँदनी (कञ्चनपुर)–** सरकारले लोपोन्मुख र अल्पसंख्यक जातिलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको छ । तर अल्पसंख्यक सुनाहा जातिको जातीय पहिचान सूचीत नहुँदा अल्पसंख्यक समुदायले प्राप्त गर्ने सेवा सुविधाबाट वञ्चित छन् । कञ्चनपुरको भीमदत्त नगरपालिका-१२ का चन्द्रकला सुनाहा राज्यबाट पाउनुपर्ने सेवा सुविधाबाट वञ्चित हुनुपर्दा केटाकेटी पढाउन नसकेको बताउँछन् ।

पछिल्लो समय पुर्ख्यौली पेसासमेत लोप भएपछि विकल्पका रूपमा यो समुदायले महाकाली नदीमा गिट्टी, बालुवा छानेर जीविकोपार्जन गरिरहेका छन । 'हाम्रो परम्परागत पेसा नदीमा सुन चालेर गुजारा गर्ने हो, नदीमा सुन नचालेको वर्षौं भयो,' उनले भने, 'अहिले हिउँदको छ महिना महाकालीमा गिट्टी बालुवा चाल्छौं, वर्षात्मा मजदुरी गरेर परिवारको जोहो गर्छौं ।' उनले आफ्नो जाति सूचीकृत नहुँदा राज्यबाट पाउनुपर्ने सेवासुविधाबाट वञ्चित हुनुपरेको गुनासो गरे । 'अहिलेसम्म हाम्रो जातीय पहिचान नै छैन, यसका लागि हामीले धेरै अनुरोध गर्‍यौं,' उनले भने, 'जाति सूचीकृत नहुँदा अन्य अल्पसंख्यक समुदायलेजस्तो राज्यबाट पाइने सुविधाबाट वञ्चित भएका छौं ।'

बर्दिया र कञ्चनपुरमामात्रै बसोबास रहेको यो समुदायले पटक-पटक जातीय पहिचानका लागि सरकारसँग आग्रह गरे पनि सुनुवाइ नभएको मेघादेवी सुनाहा बताउँछिन् । उनले निर्वाचनका समयमा मत माग्न आउने उम्मेदवारले जातीय पहिचान दिलाउने प्रतिबद्धता गरे पनि हालसम्म पुरा नगरेको गुनासो गरिन् । कञ्चनपुरको भीमदत्तमा ८४ परिवार र बर्दियामा गरी करिब एक हजार १०० सुनाहाको जनसंख्या छ । *रासस*

# सातै प्रदेशमा पठाइयो रेविजविरूद्धको ५१ हजार भायल खोप



■ प्रभाव संवाददाता

**काठमाडौं–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गतको स्वास्थ्य सेवा विभागले देशका सातै प्रदेशमा रेविजविरुद्धको भ्याक्सिन तथा सर्पदंश उपचारमा प्रयोग हुने औषधि आपूर्ति गरेको छ। विभागअन्तर्गतको व्यवस्थापन महाशाखा प्रमुख डा. पवनजंग रायमाझीले यसअघि नै खरिद भएर आपूर्तिका क्रममा रहेको औषधि प्रदेश सरकारहरूका स्वास्थ्य संस्थामा वितरण गर्नेगरी आपूर्ति केन्द्रहरूमा पुगिसकेको जानकारी दिए ।

रेविज तथा सर्पदंश उपचारमा प्रयोग हुने खोप तथा औषधि अभाव भएको समाचार आएलगत्तै चासो लिँदै स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले मातहतका अधिकारीहरूलाई अभाव नहुनेगरी तत्काल आपूर्ति व्यवस्थापन गर्न निर्देशन दिएका थिए । उनले सम्बन्धित अधिकारीहरूलाई आपूर्ति अवस्था बढाएर तथा भावी दिनमा अभाव हुन नदिनेगरी आवश्यक सबै उपाय अपनाउन दिर्नेशन दिएका थिए। सोहीअनुसार स्वास्थ्य सेवा विभागले सबै प्रदेशहरूमा दुवै प्रकारका औषधि आपूर्ति गरेको हो ।

विभागको तथ्यांकअनुसार रेविजविरुद्ध उपयोग हुने ५१ हजार १८० भायल भ्याक्सिन प्रदेश आपूर्ति केन्द्रहरूमा पुगिसकेको छ । सबैभन्दा बढी बागमती प्रदेशमा आपूर्ति गरिएको छ । बागमतीमा १० हजार ८० भायल रेविजविरुद्धको खोप आपूर्ति भएको छ भने सर्पदंशविरुद्धको एक हजार भायल भेनम आपूर्ति भएको छ। यसैगरी, सर्पदंशका बढी समस्या आउने मधेस प्रदेशमा सर्पदंशविरुद्धको भेनम सबैभन्दा बढी दुई हजार ५०० तथा रेविजविरुद्धको खोप करिब पाँच हजार भायल आपूर्ति गरिएको छ ।

मागका आधारमा अन्य प्रदेशमा भ्याक्सिन तथा भेनम आपूर्ति गरिएको मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले बताए । विभागले हाल आपूर्ति भएका अतिरिक्त दुई महिनाभित्र हालको आपूर्तिको चार गुणा बढी आपूर्ति हुनेगरी व्यवस्था मिलाएको विवरण जनाएको छ ।


## गाइड लाइसेन्स हराएको सूचना

*प्रकाशित मिति २०८२/०४/१३ गते*

मिति २०८२ जेठ १८ गतेका दिन वनस्थलीदेखि ठमेल जाने क्रममा मेरो निम्न व्यहोराको **ट्रेकिङ गाइड लाइसेन्स (१२७०४)** हराएको हुँदा फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय तथा तलको ठेगानामा सम्पर्क गरी दिनु हुन विनम्र अनुरोध गर्दछु ।

**हराएको मिति** : २०८२/०२/१८ गते
**हराएको स्थान** : वनस्थलीबाट ठमेल जाने क्रममा
**लाइसेन्स नं.** : १२७०४
**नाम** : आशा बहादुर गुरुङ
**सम्पर्क नं.** : ९८४३२८९७८७



## युएइमा रोजगार

कम्पनी : UNITED MANAGEMENT RECRUITMENT L.L C.

पूर्व स्वीकृति मिति : २०८१/०८/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/१२ | LT. No. 314626 | चलानी नं. ६०२२९२८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 40 | 0 | 1200 | ४५,१०० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steal Fixer | 40 | 0 | 1200 | ४५,१०० | | | | | | | |
| 3 | Reinforc Fitters | 40 | 0 | 1200 | ४५,१०० | | | | | | | |
| 4 | BRICK MASONS | 40 | 0 | 1200 | ४५,१०० | | | | | | | |
| 5 | Construction Worker | 40 | 0 | 800 | ३०,०६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २० गते (5th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम इजाजत नं. ८३३/०६६/०६७



## OMAN मा रोजगारको सुवर्ण अवसर

COMPANY : Arrow For Maintenence SPC, BOUSHER, MUSCAT, SULTANATE OF OMAN

पूर्व स्वीकृती मिति : २०८२/०४/१२ | LT No.: 327211 | च.नं. ६०२४१८०९

| सि.न. | कामदार पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Public Building | 135 | 0 | 100 | 35,906 | कम्पनीको नियमानुसार | ८-घण्टा | ६-घण्टा | कम्पनीको नियमानुसार | छ | छ | २-वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | भिजा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैं | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैं | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था रु. १,५००/- कामदार आफैंले सेवा नि: शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्यरुपमा लिनु होला । (२) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । (४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुहोला । (५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ (एक) प्रति आफूसाग राख्नुहोला । (६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**कन्टिनेन्टल मर्कन्टाईल प्रा.लि.**
रानीबारी-०३, सामाखुशी, काठमाण्डौ, नेपाल
फोन : 01-4987171, 4986792
Lic: 587/62/63



## साउदीमा रोजगार

कम्पनी : BEYOND CONSTRUCTION INDUSTRY COMPANY

पूर्व स्वीकृति मिति : २०८२/04/१२ | LT. No. 327936 | चलानी नं.६०२४१७७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | mattress maker | 2 | 0 | 1200 | ४४,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २० गते (5th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURIST/PEDICURIST | 0 | 4 | 150 | ६७,८६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALAM ALZAIN SALOON AND SPA FOR LADIES BEAUTY CO.

पूर्व स्वीकृति मिति : २०८०/०९/०१ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०४/१२ | LT. No. 296541 | चलानी नं. ६०२११६१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser/nail Technician/manicure/pedivure/salo | 0 | 20 | 150 | ६७,८६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन २० गते (5th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com

Govt. License No. 1352/074/075

## 'कमेडी दरबार' टिमले 'क का कि की' बनाउने

चर्चित टेलिभिजन हास्य शो 'कमेडी दरबार' टिमले अब चलचित्र निर्माण गर्ने भएको छ। निर्माण टिमले सोमबार 'क का कि की'को थिम पोस्टर सार्वजनिक गर्दै चलचित्र निर्माण घोषणा गरेको हो। सार्वजनिक पोस्टरमा चर्चित कलाकारहरू गौरी मल्ल, तृप्ति नाडकर, रेखा थापा र महेश त्रिपाठी रहनेछ। यता, कमेडी दरबार टिमबाट टिकटकर मिस पबी, पवन खतिवडा, हिमेश पन्त, सुजता श्रेष्ठ, विश्वास तिम्सिना, सीडी विजय अधिकारी लगायतको पनि विशेष भूमिका रहनेछ। चलचित्रको निर्देशन विक्की अग्रवाल र श्रद्धा प्रसाईंले संयुक्त रूपमा गर्नेछन्।





# 'अभिमन्यु : च्याप्टर १'का पोस्टरमा खुसी र तनाव

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र 'अभिमन्यु : च्याप्टर १'को पोस्टर सार्वजनिक भएको छ। निर्माणपक्षले चलचित्रका दुईवटा पोस्टर सार्वजनिक गरेको हो।

खुसी र तनाव देखाइएको पोस्टरमा सिनेमाका मुख्य कलाकार फिचर्ड छन्। एउटा पोस्टरमा सिनेमा मुख्य पाँच कलाकार प्रकाश दाहाल, लक्ष्मी बर्देबा, कामेश्वर चौरासिया, गौमाया गुरुङ, सरिता गिरी र किरण श्रेष्ठसहित अन्य दुई कलाकार फिचर्ड छन्। यी मध्ये किरणबाहेक सबै कलाकार तनावमा देखिन्छन्। कारण के हो त्यो भने खुलाइएको छैन। सँगै एकजनालाई हतकडी लगाएर प्रहरी कार्यालमा प्रहरी अधिकृतले बयान लिइरहेका छन्। अर्का एक प्रहरी जवान सुरक्षाका लागि छेउमा उभिएका छन्। यो पोस्टरको उद्देश्य कलाकारको लुक्स र थोरै कथाबारे हिन्स दिनु रहेको छ।

अर्को पोस्टर जसमा चलचित्रका मुख्य दुई कलाकार छन्। जसमा कामेश्वर र लक्ष्मी छन्। कुनै मन्दिरमा आरती सल्काउँदै गरेका उनीहरू प्रशन्न मुद्रामा छन्। निकै खुसी झल्किएको दुवैको चेहरा र लक्ष्मीको गेटअपले उनीहरू नवविवाहित जोडी जस्तो देखिन्छन्।

यी दुई पोस्टरले क्यारेक्टर लुक्स, क्यारेक्टर र सम्बन्धलाई थोरै खुलाउँदै सस्पेन्स क्रिएट गर्न खोजेको देखिन्छ। केही दिन अगाडि यो चलचित्रको मोसन टिजर




सार्वजनिक गरिएको थियो। मोसन टिजरले पैसाका लागि हुने संघर्षलाई संकेत गरेको थियो। पोस्टरले तनाव र खुसीमा रहेका पात्रलाई बाहिर ल्याएको छ।

चलचित्र 'अभिमन्यु : च्याप्टर-१' भदौ २७ गते रिलिज हुँदैछ। हिन्दी भर्सन असोज ६ अर्थात् (सेप्टेम्बर २२) मा रिलिज हुने निर्माण पक्षले जनाएको छ। हिन्दी भर्सन पनि वर्ल्डवाइड रिलिज हुने निर्माता विनोद पौडेलले जानकारी दिएका छन्। चलचित्रले पैसाको प्रलोभनमा चक्रव्यूहमा फस्ने र त्यहाँबाट उम्किन खोज्ने व्यक्तिको संघर्षको कथा भन्ने बताइएको छ।

पोस्टप्रोडक्सनमा रहेको चलचित्र 'अभिमन्यु : च्याप्टर-१'को मुख्य भूमिकामा कामेश्वर चौरासिया, सरिता गिरी, गौमाया गुरुङ, लक्ष्मी बर्देबा, शिशिर वाङ्देल, किरण श्रेष्ठ, प्रकाश दाहाल, सुष्मा निरौला छन्। सेभेन सिज सिनेमाको प्रस्तुति निर्माण भएको सिनेमा 'अभिमन्यु : च्याप्टर-१'लाई सुशान्त गौतमले निर्देशन गरेका छन्। यो उनको डेब्यु निर्देशन हो। मुकेश खनालको लेखन रहेको चलचित्रको क्रिएटिभ निर्देशक मदन थापा हुन्।

'अभिमन्यु : च्याप्टर-१' का निर्माता विनोद पौडेल र गुञ्जन गिरी हुन्। रमेश चौलागाई र हरि श्रेष्ठ सह-निर्माता रहेको चलचित्रका कार्यकारी निर्मातामा विशाल लामा, हरि मोक्तान, कृष्ण भट्टराई, नीराजन लुइँटेल र सन्देश श्रेष्ठ रहेका छन्। जीवन शाक्य लाइन प्रोड्युसर रहेको यस चलचित्रमा मनोज श्रेष्ठ भिएफएक्स, सुप्रिम पराजुली रंग सम्योजन, मदन घिमिरे सम्पादक रहेका छन्। 'अभिमन्यु'मा शरद महतोको डिओपी रहेको छ।

# १७ वर्षपछि अक्षयकुमार र सैफअली खान एउटै पर्दामा



**मुम्बई–** एकातिर बलिउडका खिलाडी कुमार छन् भने अर्कोतिर सैफ अली खान छन्। दुबैले आ-आफ्ना फिल्मको काम तिब्र गतिमा पूरा गरिरहेका छन्।

योसँगै अक्षय कुमारका यो वर्ष अहिलेसम्म तीनवटा फिल्म रिलिज भएका छन्। तर, उनी अर्को फिल्म ल्याउने तयारीमा छन्।

यससँगै उनको खातामा रहेका सबै फिल्ममध्ये एउटा सैफ अली खानसँग पनि छ। दुवै १७ वर्षपछि सँगै काम गर्न लागेका हुन्। निर्देशक प्रियदर्शनको 'ओप्पम' रिमेकको सुटिङमा ठूलो अपडेट आएको छ। मलयालम फिल्म 'ओप्पम' सन् २०१६ मा रिलिज भएको थियो, यस्तो अवस्थामा उनी यसलाई हिन्दीमा रिमेक गर्न चाहन्थे। तर, यो फिल्मलाई फ्लोरमा ल्याउन ९ वर्षको लामो समय लाग्यो। तर अन्तिममा फिल्मको काम सुरु हुन लागेको हो। मिड डे रिपोर्टले अक्षय कुमार र सैफ अली खानबीच कडा टक्कर हुने खुलासा गरेको छ। साथै, दुवैको क्यारेक्टरलाई लिएर ठूलो खुलासा भएको छ।

एउटा नयाँ रिपोर्टले यो फिल्ममा सैफ अली खानले देख्न नसक्ने केयरटेकरको भूमिका निर्वाह गर्ने बताइएको छ। उनी कलारिपायट्टुमा पनि विशेषज्ञ हुनेछन भने अर्कोतर्फ अक्षय कुमारलाई हत्याराको रूपमा देखाइने छ। जो आफ्नो परिवारको बदला लिन बाहिर छ। फिल्ममा वास्तविक माहोल दिन दुवै कलाकार जुँगा र कच्चा शैलीमा देखिने छन्।

यसैबीच, फिल्ममा सर्वोच्च अदालतका सेवानिवृत्त प्रधानन्यायाधीश र उनकी छोरीको भूमिकाका लागि अहिलेसम्म कास्टिङ भइसकेको छैन। तर, मलयालम फिल्म गोविन्द विजयनले लेखेका थिए। जहाँ पटकथाको जिम्मेवारी प्रियदर्शनको थियो। यसै क्रममा उनले गत वर्ष नै फिल्मको स्क्रिप्ट र पटकथाको काम सुरु गरेका थिए। जुन अहिले पूर्णरूपमा तयार छ।

दुईबीच धेरै लडाई र मार्शल आर्ट दृश्यहरू थपिएका छन्। अहिले अक्षय कुमार ब्ल्याक बेल्ट भएकाले मार्सल आर्टको तालिम लिएका छन्। त्यसैले उनलाई कडा प्रतिस्पर्धा दिन सैफ अली खान कलारिपायट्टुमा तालिम लिइरहेका छन्।

वास्तवमा सैफ अली खानले २३ अगस्टबाट कोचीनमा सुटिङ सुरु गर्नेछन्। यस्तो अवस्थामा अक्षय कुमार पनि टोलीमा आउने छन्। त्यस पछि उनी केरलाको माउन्ट आबुको गाउँ वागामोन पनि जानेछन्। अन्ततः मुम्बईमा सुटिङ पूरा गर्नेछन्। यो अक्षय कुमार र सैफ अली खान बिच बिरालो मुसाको खेल हुने बताइएको छ।

रोचक कुरा त यो छ कि उनी दुवै १७ वर्षपछि सँगै आउँदैछन्। उनीहरू पछिल्लो पटक सन् २००८ मा फिल्म 'टशन'मा सँगै देखिएका थिए। *एजेन्सी*

# 'दाह्री फूल्यो बैंसैमा'का गायक ग्वान्जाओमा गुञ्जिए

**काठमाडौं (प्रस)–** गायक आशिष सचिनले चिनको ग्वान्जाओमा एक विशेष प्रस्तुती दिएका छन्।

एनआरएनए चिनको नवौं राष्ट्रिय महाधिवेशनको अवसरमा आइतबार गोन्जाओमा आयोजिक भव्य समारोहकाबीचमा गायक आशिषले एनआरएनएका सयौं प्रतिनिधिका माझमा आफ्ना चर्चित गीत दाह्री फुल्यो बैंसमा, एक कान दुई कान मैदान, गलबन्दी पछ्यौरी, पानी बादलु र छमक छमक तेरी पाउजुलगायतमा प्रस्तुती दिएका हुन्। निर्वाचनको माहोलमा गायक आशिष सचिनले भिन्नै रौनकता छरेका थिए। कार्यक्रममा उनको




सर्वाधिक रुचाइएको लोकप्रिय गीत दाह्री फूल्यो बैंसमा गाउँदा दर्शकले वान्स मोर भन्दै हुटिङ गरेका थिए।

एनआरएनए चिनको नवौं राष्ट्रिय महाधिवेशनबाट अध्यक्षमा मुकुन्द ढकाल निर्विरोध निर्वाचित भएका छन्। कार्यक्रम भव्य रूपमा सम्पनन भएको निवर्तमान अध्यक्ष निर्मल शर्मा चौलागाईंले जानकारी दिए।

चौलागाईंले नयाँ कार्यसमितिलाई समेत कार्यकालको सफलताको कामना गरेका थिए। कार्यक्रमको प्रमुख अतिथिका रूपमा गोन्जाओका महावाणिज्यदुत भरत खनाल रहेका थिए।



# 'त्रिवि क्रिकेट मैदानको काम एक महिनाभित्र सकिने'

■ प्रभाव संवाददाता

**कीर्तिपुर (काठमाडौं) –** कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदान निर्माण व्यवसायीले त्यहाँ पहिलो चरणको काम एक महिनाभित्र सम्पन्न हुने जानकारी दिएका छन्।

सोमबार त्यहाँ पुगेको सङ्घीय संसद्‌को राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समितिको टोलीलाई प्यारापिट र फ्लडलाइटसहितको स्तरोन्नति कार्यअन्तर्गत पहिलो चरणको काम एक महिनामा सकिने जानकारी दिइएको हो।

समितिका सभापति ठाकुर गैरे नेतृत्वको टोलीलाई सहरी विकास मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देल तथा मन्त्रालयका तर्फबाट निर्माणको प्रत्यक्ष अनुगमन गरिरहेका सहसचिव चक्रवर्ती कण्ठ तथा निर्माण व्यवसायीले कार्यप्रगतिबारे जानकारी गराएका थिए।

जानकारीअनुसार पहिलो चरणका प्याराफिट र फ्लडलाइटसमेत गरी दुवैतर्फ करिब ८० प्रतिशत कार्य सम्पन्न भइसकेको जानकारी दिइएको थियो। 'पहिलो चरणको निर्माण सकिएपछि १० हजार र दोस्रो चरणमा २५ हजार दर्शक अटने गरी सिट क्षमता विस्तार गरिने




छ। सिट ढलानतर्फ पहिलो चरणमा गर्नुपर्ने १२ मध्ये १० वटा ब्लकको ढलान भइसकेको छ। ढलान सम्पन्न भएका ठाउँमा सिटहरू जडान गरिएको र अन्तिम चरणका एक हजार ७०० सिट भारतबाट आउँदै छन्', सचिव सिग्देलले भने।

रंगशालमा रातिसमेत खेल सञ्चालन गर्ने उद्देश्यले जडान हुन लागेका छ वटा फ्लडलाइटका लागि जमिनमुनि गर्नुपर्ने सबै कार्य सम्पन्न भएको र भारतबाट तीन वटा स्ट्याण्ड ल्याइसकिएको उनले बताए।

त्यसमा जडान हुने ४२० वटा बत्ती युरोपबाट ल्याइँदै गरेको पनि जानकारी गराइएको थियो। रङ्गशाला निर्माणका लागि पहिलो र दोस्रो चरण गरी कुल रु छ अर्ब लागत अनुमान गरिएको छ।

प्रथम चरणलाई सम्पन्न गरेर नेसनल प्रिमियर लिगको दोस्रो संस्करण त्रिवि क्रिकेट मैदानमै खेलाउने लक्ष्य राखिएको छ। संसदीय टोलीलाई जमिनको स्वामित्व रहेको त्रिभुवन विश्वविद्यालयका चासोलाई सम्बोधन गर्नुपर्ने विषयमा जानकारी दिइएको थियो। 'लिजमा जमिन लिई क्रिकेट मैदान सञ्चालन गर्न क्यान र विश्वविद्यालयबीच भएको सम्झौता आगामी वैशाखमा सकिने भएकाले त्रिविका चासो सम्बोधन गर्दै छलफल गराउनुपर्ने जानकारी पनि दिएका छौं', मन्त्रालयका सचिव सिग्देलले भने।

संसदीय टोलीलाई खेलकुद मन्त्रालयका पदाधिकारीका साथै क्यानका सचिव पारस खड्कालगायतले स्वागत गरेका थिए। अनुगमन टोलीमा सभापति गैरेका साथै समिति सदस्यहरू तुलसाकुमारी दाहाल, दीलेन्द्रप्रसाद बडू, देवप्रसाद तिमिलसेना, प्रतिमा गौतम, प्रभु हजारा, बुद्धिमान तामाङ, मदनकुमारी शाह (गरिमा), मोहम्मद खालिद, लासप्रसाद साँवा लिम्बू, शान्ति विक, सन्तोष परियार, सरस्वती सुब्बा तथा हितराज पाण्डे थिए।

अनुगमनपछि सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै समिति सभापति गैरेले प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो पदबहालीकै दिन उद्‌घोष भएअनुसार काम भइरहेको बताए। रंगशालाबारे देशभर चासो रहेकाले आफूले त्यहाँ भइरहेको कार्यप्रगतिबारेजानकी लिएको र प्रतिकूल मौसमका बाबजुद निर्माण कार्य एक महिनाभित्र सम्पन्न हुने दिशातर्फ अघि बढिरहेको पाइएको जानकारी दिए। क्यान सचिव पारस खड्काले त्रिवि क्रिकेट मैदानले धेरै खेलप्रेमीको सपना बोकेको बताउँदै दोस्रो चरणको एनपिएल त्रिवि मैदानमा फ्लडलाइटमा खेल्ने लक्ष्य पूरा गर्नेगरी काम भइरहेको बताए। साथै देशका विभिन्न स्थानमा सिन क्रिकेट मैदानका लागि कार्य सुरु भएको खड्काको भनाइ थियो।

# पारा तेक्वान्दो टोली मलेसिया जाँदै



■ प्रभाव संवाददाता

**काठमाडौं –** दशौं एसियाली जुनियर, क्याडेट तथा पारा तेक्वान्दो च्याम्पियनसिपमा सहभागी हुन पाँच खेलाडीसहित सात सदस्यीय नेपाली टोली मलेसियाको सरावक जाने भएको छ।

यही जुलाई २४ देखि सुरु भएको उक्त प्रतियोगिता अगष्ट १ तारिखसम्म सञ्चालन हुनेछ। पाराको ग्योरोगीतर्फको खेल अगष्ट १ तारिखमा हुनेछ।

पाँचै खेलाडीले 'के ४४ क्याटगोरी'अन्तर्गत विभिन्न तौल समूहमा नेपालको चुनौती प्रस्तुत गर्ने छन्। पुरुष ५८ केजीमुनि ओलम्पियन भरतसिंह महता तथा ६३ केजीमुनि अमिर भ्लोनले प्रतिस्पर्धा गर्ने छन्।

महिला ५७ केजीमुनि पेरिस पारालिम्पिक तथा चौथो एसियाली पारा खेलकुदकी कास्य विजेता पलेशा गोवर्द्धन तथा ४७ केजीमुनि कामना प्रसाईं र रेणु तामाङले खेल्ने छन्। कामना र रेणुको यो 'डेब्यु' अन्तरराष्ट्रिय प्रतियोगिता हुनेछ। चीनको साङ्घाइमा अध्ययन गरिरहेकी पलेशा त्यतैबाट मलेसिया जाने जनाइएको छ।

टोलीको व्यवस्थापकमा राखेपका सदस्य रामचन्द्र श्रेष्ठ तथा प्रशिक्षकमा कविराज नेगी लामा रहेका छन्। नेपालले सुरुको संस्करणदेखि नियमित रूपमा प्रतियोगितामा सहभागी हुँदै आएको छ। यो अवधिमा एक रजत र पाँच कास्य गरी छ पदक जितेको छ। रञ्जना धामीले रजत र कास्य जितेकी छन्। पलेशा, अरुण शाक्य, सीता भण्डारी र रोहितह्याङ राईले कास्य प्राप्त गरेका छन्।

प्रतियोगितामा ४५ राष्ट्रका १५० खेलाडीको सहभागिता रहने प्रशिक्षक लामाले जानकारी दिनुभयो। टोलीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव टंकलाल घिसिङ, राखेपका सदस्य हिमालकुमार श्रेष्ठ र राष्ट्रिय टोली तयारी समितिका निर्देशक दीपक विष्टले यहाँ आयोजित एक कार्यक्रममा बिदाइ गरे।

कार्यक्रममा सदस्य-सचिव घिसिङले नेपाली पारा तेक्वान्दो 'ब्रान्ड' का रूपमा स्थापित भइसकेको धारणा राख्दै अन्तरराष्ट्रिय मञ्चमा पारा तेक्वान्दोले हासिल गरेको उपलब्धिलाई टोलीले निरन्तरता दिने विश्वास व्यक्त गरे। निर्देशक विष्टले पारा तेक्वान्दोमा एसिया बलियो क्षेत्र भएकाले यो प्रतियोगितामा पदक जित्न सके ओलम्पिकमा पदक जित्ने सम्भावना प्रबल हुने बताए।

प्रशिक्षक लामाले वरियता सुधारका लागि प्रतियोगिता महत्वपूर्ण भएको र यसमा सफल भए ओलम्पिकमा सहभागिता सहज हुने बताए।



युद्धग्रस्त गाजा पट्टीमा खाद्यसंकट झेलिरहेका प्यालेस्टिनीहरूलाई सोमबार हवाईमाध्यमबाट सहायता सामग्री खसालिँदै । *तस्बिर: एएफपी*

# विश्वव्यापी एआई मोडेल गणनामा चीन शीर्ष स्थानमा

**सांघाई–** चीनले एक हजार ५०९ ठूला कृत्रिम बुद्धिमत्ता (एआई) मोडल जारी गरेको छ । यो विश्वभरमा सबैभन्दा धेरै संख्या हो र हालसम्म सुरु गरिएका तीन हजार ७५५ मोडलको पर्याप्त हिस्सा हो । यो जानकारी २०२५ विश्व एआई सम्मेलन (डब्ल्युएआइसी) मा प्रस्तुत गरिएको हो ।

चीनले आधारभूत पूर्वाधार र क्षेत्र-विशिष्ट अनुप्रयोगहरू समेटेर एक व्यापक एआई औद्योगिक प्रणाली स्थापना गरेको छ । चाइना एकेडेमी अफ इन्फर्मेसन एण्ड कम्युनिकेसन्स टेक्नोलोजी (सिएआइसिटी) को तथ्यांकअनुसार देशमा पाँच हजार १०० भन्दा बढी एआई कम्पनी छन् । यी कम्पनीले विश्वभरका कूल कम्पनीको लगभग १५ प्रतिशत ओगटेका छन् । थप रूपमा, चीनमा ७१ एआई युनिकर्न कम्पनीहरू छन्, जसले विश्वका



२७१ युनिकर्नहरूको लगभग २६ प्रतिशत प्रतिनिधित्व गर्दछ ।

सिएआइसिटीका अध्यक्ष यु सियाओहुईले यस वर्ष नयाँ प्राविधिक दृष्टिकोणका साथसाथै आधारभूत ठूला मोडेलहरूको द्रुत पुनरावृत्तिले आर्टिफिसियल जनरल इन्टेलिजेन्सतर्फ अघि बढ्ने महत्त्वपूर्ण सम्भावना देखाएको बताए । चीनमा अग्रणी कम्पनीहरू, उदीयमान युनिकर्नहरू, विशेषज्ञ फर्महरू र नयाँ स्टार्टअपहरूद्वारा विशेषता भएको सकारात्मक विकास परिदृश्य आकार लिएको उनले बताए ।

सूचीबद्ध कम्पनीहरू र युनिकर्नहरू चीनको एआई उद्योगका लागि प्रमुख इञ्जिनका रूपमा पहिचान गरिएका छन् । चीनमा ३०० भन्दा बढी एआई-सम्बन्धित सूचीबद्ध कम्पनीहरू छन्, जसको एआई-सम्बन्धित राजस्व देशको कुल एआई उद्योग मापनको लगभग ७० प्रतिशत हो ।

चिनियाँ एआई युनिकर्नहरूका शीर्ष पाँच नवीनता क्षेत्रहरू ठूला मोडल, स्वायत्त ड्राइभिङ, बुद्धिमान रोबोट, व्यापारिक बुद्धिमत्ता अनुप्रयोग र एआई कम्प्युटिङ चिपहरू हुन् । युले चीनको एआई उद्योग निरन्तर नयाँ प्रविधि, अनुप्रयोग र व्यापारिक मोडलहरूको धाराले प्रेरित भएर द्रुत रूपमा विस्तार भइरहेको बताए । उनका अनुसार यो उच्च गुणस्तरीय आर्थिक र सामाजिक विकासका लागि मुख्य वृद्धि चालक बनेको छ ।

सांघाईमा एकसाथ आयोजित ग्लोबल एआई गभर्नेन्ससम्बन्धी उच्चस्तरीय बैठकसँगै 'एआई युगमा विश्वव्यापी एकता' शीर्षकको तीनदिने डब्ल्युएआइसी समापन भयो । बैठकमा ४० भन्दा बढी देश र अन्तर्राष्ट्रिय संस्थाहरूका उच्चस्तरीयप्रतिनिधिहरूएकत्रितभएका थिए । *रासस/सिन्ह्वा*

# युरोपेली मुलुकमा अमेरिकी करको प्रभाव फरक–फरक

**पेरिस–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आइतबार युरोपेली संघका सबै मुलुकमाथि १५ प्रतिशत कर लगाउने घोषणा गरेका छन् । यी सबै देशहरू समानरूपमा अमेरिकी बजारमा उजागर हुँदैनन् त्यसैले अगस्ट १ मा शुल्कहरू सुरु हुँदा समान कर वृद्धिका परिणामहरू भोग्ने छैनन् ।

मूल्यको हिसाबले, जर्मनी अमेरिकामा सामानको सबैभन्दा ठूलो निर्यातक हो र अमेरिकाको कार, इस्पात र मेसिन उपकरणहरूका लागि एक प्रमुख आपूर्तिकर्ता हो । सन् २०२४ मा यी वस्तुको कूल निर्यात एक खर्ब ६१ अर्ब २० करोड अमेरिकी डलर रहेको थियो । इयूको तथ्यांक कार्यालय युरोस्टाटका अनुसार आयरल्याण्ड र इटालीको निर्यात गत वर्ष क्रमशः ७२ अर्ब डलर र ६४ अर्ब डलर थियो ।

फ्रान्समा 'एरोनोटिक्स,' कृषि-खाद्य, वाइन र भौतिक सुखका सामानहरू छन् तर तिनीहरूको कम उजागर भएको छ जसले बजार गुमाउने जोखिम छ । युरोस्टाटका अनुसार इयूले समग्रमा आफ्नो २० प्रतिशत सामान संयुक्त राज्य अमेरिकामा निर्यात गर्दछ ।

अमेरिकी वाणिज्य विभागलाई प्रतिवेदन दिने ब्युरो अफ इकोनोमिक



एनालिसिस (बिइए) का अनुसार २७ सदस्यीय समूहको संयुक्त राज्य अमेरिकासँग वार्षिक २३५.६ अर्ब डलरको व्यापार अधिशेष छ। चीनसँग मात्रै बढी आर्थिक अधिशेष छ ।

### आयरल्याण्ड युरोपको प्रयोगशाला

आयरल्याण्डसँग इयू सदस्यहरूमध्ये मूल्यको हिसाबले ४८६.७ अर्ब डलरको सबैभन्दा ठूलो अधिशेष छ । यसको एक चौथाइभन्दा बढी सामानहरू अमेरिकामा निर्यात गर्दछ । यसको मुख्य कारण फाइजर, एली लिली र जोन्सन एण्ड जोन्सनजस्ता प्रमुख अमेरिकी औषधि कम्पनीहरूको उपस्थिति हो ।

ततनीहरू सबै १५ प्रतिशत कर्पोरेट करबाट लाभ उठाउन आयरल्याण्डमा स्थापित भएका हुन् । संयुक्त राज्य अमेरिकामा २१ प्रतिशत करभन्दा बढी लाभप्रद उत्पादनको कर तिर्नुपर्छ । यी कम्पनीहरूले आयरल्याण्डमा आफ्नो 'प्याटेन्ट होस्ट' गर्न सक्दछन् र अमेरिकी बजारमा बेच्न सक्दछन्, जहाँ औषधिको मूल्य परम्परागतरूपमा बाँकी विश्वको तुलनामा उच्च छ ।

ट्रम्पले आइतबार औषधि क्षेत्रले विशेष छुट नपाउने बताएका थिए । आयरल्याण्डमा एप्पल, गुगल र मेटाजस्ता विशाल अमेरिकी प्रविधि कम्पनीहरूको अधिकांश युरोपेली मुख्यालयहरू पनि रहेका छन् । उनीहरू आयरल्याण्डको आकर्षक कर प्रणालीबाट पनि आकर्षित हुन्छन् । समग्रमा, फार्मास्युटिकल्सले संयुक्त राज्य अमेरिकामा इयू निर्यातको २२.५ प्रतिशत हिस्सा ओगटेको छ, जहाँ धेरै ठूला लगानीकर्ताहरूले प्रमुख लगानीको घोषणा गरेका छन् ।

### जर्मनी, औद्योगिक शक्तिगृह

युरोपेली संघको सबैभन्दा ठूलो अर्थतन्त्र जर्मनी निर्यातमा निर्भरताका कारण विशेष दबाबमा छ । सन् २०२४ मा संयुक्त राज्य अमेरिकासँग यसको ८४.८ अर्ब डलरको उच्च अधिशेष थियो । जर्मनीको तथ्यांक कार्यालय डेस्टाटिसका अनुसार संयुक्त राज्य अमेरिकाले जर्मन निर्यातको १०.५ प्रतिशत हिस्सा ओगटेको छ, यसको ठूलो हिस्सा अटोमोबाइल, रसायन, इस्पात र मेसिन उद्योगहरू हो ।

मर्सिडिज बेञ्जको आम्दानीको २३ प्रतिशत हिस्सा अमेरिकाले ओगटेको छ । तीमध्ये केही संयुक्त राज्य अमेरिकामा निर्माण भएका र निर्यात गरिएका एसयुभीहरूद्वारा हिसाब गरिएको भएता पनि तिनीहरू इयूबाट कुनै पनि कर प्रतिशोधद्वारा प्रभावित हुने जोखिम छ । जर्मन केन्द्रीय बैंकले यस वर्षको सुरुमा जर्मन सामानहरूमा अमेरिकी करले उसको कूल गार्हस्थ उत्पादनमा १.० प्रतिशत कम गर्न सक्ने चेतावनी दिएको थियो । *रासस/एएफपी*

# 'दक्षिण कोरियासँग वार्ताको कुनै चासो छैन'

**सियोल–** उत्तर कोरियाका नेता किम जोङ उनकी शक्तिशाली बहिनीले सोमबार कोरियाको दक्षिणसँग संवाद अगाडि बढाउने कुनै चासो नभएको भन्दै सम्बन्ध सुधार्ने वाचा गरेका सियोलका नयाँ राष्ट्रपतिलाई खारेज गरेकी छन् ।

जुनमा निर्वाचित भएपछि दक्षिण कोरियाली राष्ट्रपति ली जे म्युङले उत्तर कोरियाप्रति आफ्ना पूर्ववर्तीको कडा स्वर छाडेका छन् र सीमामा लाउडस्पिकर प्रचार प्रसारण बन्द गरेका छन् । यो उत्तर कोरियाली फोहोरले भरिएका बेलुनहरूको बर्षाको जवाफमा सुरु गरिएको थियो ।

उत्तर कोरियाले आफ्नै प्रचार प्रसारण बन्द गरेको छ । उत्तर कोरियाले दक्षिण कोरियामा अनौठो र डरलाग्दो आवाजहरू पठाएको थियो । तर यस्तो हावभावको अर्थ सियोलले चिसो सम्बन्ध पग्लने अपेक्षा गर्नुपर्छ भन्ने नभएको किम यो जोङले सोमबार उत्तर कोरियाको आधिकारिक कोरियन सेन्ट्रल न्युज एजेन्सीले गरेको अंग्रेजी प्रेषणमा भनिन् ।

'यदि दक्षिण कोरियाले केही भावनात्मक शब्दहरू प्रयोग गरेर आफूले गरेका सबै नतिजाहरूलाई उल्टयाउन सक्छ भन्ने आशा गरेको भए यसभन्दा गम्भीर गलत गणना अरू केही हुँदैन,' उनले भनिन्, 'हामी एकपटक फेरि आधिकारिक स्थिति स्पष्ट गर्दछौं कि सियोलमा कुनै पनि नीति अपनाइए पनि र कुनै पनि प्रस्ताव आए पनि हामीलाई यसमा कुनै चासो छैन र न त भेट्ने कारण छ न त कोरिया गणराज्यसँग छलफल गर्ने मुद्दा छ ।' *रासस/एएफपी*

# इयूले स्वीकार्‍यो १५ प्रतिशत अमेरिकी कर

## ट्रम्प भन्छन्- अहिलेसम्मकै सबैभन्दा ठूलो सम्झौता गरियो

**टर्नबेरी (बेलायत)–** संयुक्त राज्य अमेरिका र युरोपेली संघ (इयू) आइतबार एक व्यापार सम्झौता गरेका छन् । उक्त सम्झौताअन्तर्गत इयूको निर्यातमा १५ प्रतिशत कर लगाइने छ ।

यो सम्झौता ट्रान्सअटलान्टिक भन्सार शुल्क विवादलाई समाधान गर्न गरिएको हो, जसले पूर्णव्यापारिक युद्धमा परिणत हुने खतरा थियो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प स्कटल्याण्डको आफ्नो गल्फ रिसोर्टमा युरोपेली आयोगका अध्यक्ष उर्सुला भोन डेर लेयनसँगको उच्चस्तरीय बैठकबाट बाहिर निस्किए र यो सम्झौतालाई 'सबैभन्दा ठूलो' भने ।

युरोपेली सामानमा ३० प्रतिशत अमेरिकी करबाट बच्नका लागि अगस्ट १ को समयसीमा समाप्त भएपछि नेताहरूले करिब एक घण्टामा सम्झौता गरेका थिए । 'हामीले सम्झौता गरेका छौं । यो सबैका लागि राम्रो सम्झौता हो । यो सायद कुनै पनि क्षेत्रमा गरिएको अहिलेसम्मकै सबैभन्दा ठूलो सम्झौता हो,' ट्रम्पले भने ।

ट्रम्पका अनुसार १५ प्रतिशतको आधार भूत कर युरोपको महत्त्वपूर्ण अटोमोबाइल क्षेत्र, फर्मास्युटिकल्स र सेमीकन्डक्टरहरू सहित सबैतिर लागू हुने छ । ट्रम्पले सम्झौताको एक हिस्साका रूपमा २७ राष्ट्र इयू ब्लकले संयुक्त राज्य अमेरिकाबाट 'सात खर्ब ५० अर्ब डलर मूल्यको ऊर्जा' खरिद गर्न सहमत भएको र छ खर्ब डलर थप लगानी गर्न सहमत भएको बताए ।

भोन डेर लेयनले रूसी स्रोतहरूबाट टाढा विविधीकरण गर्ने ब्लकको प्रयासको एक भागका रूपमा अमेरिकी तरलीकृत प्राकृतिक ग्यास, तेल र आणविक इन्धनको 'महत्त्वपूर्ण' खरिद तीन वर्षमा हुने बताइन् । इयूका २७ देशको तर्फबाट वार्ता गर्दै भोन डेर लेयनले सामान र सेवाहरूमा वार्षिक १९ खर्ब डलरको व्यापारिक सम्बन्ध बचाउन कडा प्रयास गरिरहेकी थिइन् ।

'यो राम्रो सम्झौता हो,' इयू प्रमुखले पत्रकारहरूलाई भनिन्, 'यसले स्थिरता ल्याउने छ । यसले पूर्वानुमान क्षमता ल्याउने



छ । अटलान्टिकको दुवै किनाराका हाम्रा व्यवसायका लागि यो धेरै महत्त्वपूर्ण छ ।'

उनले धेरै 'रणनीतिक उत्पादनहरू' विशेषगरी विमान, केही रसायन, केही कृषि उत्पादन र महत्त्वपूर्ण कच्चा मालमा द्विपक्षीय भन्सार शुल्क छुटमा सहमति भएको बताइन् । इयूले विशेषगरी मदिराका लागि अझै पनि तथाकथित 'शून्यका लागि शून्य' सम्झौताहरू सुरक्षित गर्ने आशा गरेको उनले बताइन् । उनले आउँदो दिनमा यो 'समाधान' हुने आशा गरिन् । भर्खरै नाटोभित्र आफ्नो रक्षा खर्च बढाउने वाचा गरेका इयूका सदस्यहरूले 'सयौं अर्ब डलर मूल्यका सैन्य उपकरणहरू' खरिद गर्ने पनि ट्रम्पले बताए ।

### हामीले पाउन सक्ने सबैभन्दा राम्रो

ट्रम्पले ह्वाइट हाउसमा पुनः पद बहाली गरेपछि इयूले भन्सार शुल्कका धेरै लहरको सामना गरेको छ । यो हाल कारहरूमा २५ प्रतिशत, स्टिल र एल्युमिनियममा ५० प्रतिशत र सम्पूर्ण वस्तुहरूमा १० प्रतिशत भन्सार शुल्कको अधीनमा छ । यसलाई वासिङ्टनले कुनै सम्झौता नभएको अवस्थामा ३० प्रतिशतसम्म बढाउने धम्की दिएको थियो ।

यो समूहले विमानदेखि मदिरासम्मका महत्त्वपूर्ण उद्योगहरूका लागि भन्सार शुल्क छुटको कडा माग गरिरहेको थियो र फ्रान्स र जर्मनीका लागि महत्त्वपूर्ण यसको मोटरवाहन उद्योग पहिले नै लगाइएका भन्सार शुल्कहरूले पीडित छ । '१५ प्रतिशतलाई कम आँकलन गर्नु हुँदैन, तर यो हामीले प्राप्त गर्न सक्ने सबैभन्दा राम्रो हो,' भोन डेर लेयनले स्वीकार गरिन् ।

कुनै पनि सम्झौतालाई इयू सदस्य राष्ट्रहरूद्वारा अनुमोदन गर्न आवश्यक छ । इयूका राजदूतहरू, ग्रिनल्याण्डको भ्रमणमा रहेकाले आयोगले आइतबार बिहान अद्यावधिक गरेको थियो । स्कटल्याण्डमा सम्झौता भएपछि उनीहरू फेरि भेट्ने तयारीमा थिए ।

जर्मन चान्सलर फ्रेडरिक मर्जले यो सम्झौताको द्रुतरूपमा प्रशंसा गर्दै यसले 'ट्रान्सअटलान्टिक व्यापार सम्बन्धमा अनावश्यक वृद्धि' हुनबाट जोगाएको बताए । तर जर्मन निर्यातकर्ताहरू कम उत्साहित थिए । औद्योगिक समूहहरूको शक्तिशाली बिडिआई महासंघले उक्त सम्झौताले 'पर्याप्त नकारात्मक परिणामहरू' ल्याउने बताएको छ भने देशको भिसिआई रासायनिक व्यापार संघले उक्त सम्झौताले दरहरू 'धेरै उच्च' छोडेको बताएको छ ।

संयुक्त राज्य अमेरिकाका लागि इयूको शीर्ष निर्यातकर्ताहरूमध्ये एक आयरल्याण्डले आइतबार यसले 'धेरै आवश्यक निश्चितताको उपाय ल्याउने भन्दै सम्झौताको स्वागत गरेको छ, तर यसको विदेश मामिला र व्यापार विभागको एक बयानमा यसले आधारभूत करप्रति 'खेद' व्यक्त गरेको छ । इयूले स्टिलमा सम्झौताका लागि दबाब दिएको थियो जसले भन्सार शुल्क लागू हुनुअघि संयुक्त राज्य अमेरिकामा निश्चित कोटा प्रवेश गर्न दिन सक्छ । स्टिल 'जस्तो छ त्यस्तै रहनेछ' भन्दै ट्रम्पले यसलाई अस्वीकार गरेको देखिन्छ, तर इयू प्रमुखले पछि स्टिलका लागि 'भन्सार शुल्क कटौती गरिने छ र कोटा प्रणाली स्थापना गरिने छ' भनी जोड दिइन् ।

### ठूलो एक

पन्ध्र प्रतिशत युरोपेली वस्तुहरूमा पहिलेका अमेरिकी भन्सार शुल्कहरूभन्दा धेरै उच्च छ, जुन औसत ४.८ प्रतिशत वरिपरि छ । यसले वर्तमान स्थितिलाई प्रतिविम्बित गर्छ । कम्पनीहरूले हाल १० प्रतिशतको अतिरिक्त समान दरको सामना गरिरहेका छन् ।

यदि वार्ता असफल भएको भए इयू मुलुकहरूले अगस्ट ७ देखि चरणबद्धरूपमा प्रभावकारी हुन विमान र कारहरूसहित एक खर्ब नौ अर्ब डलर (९३ अर्ब युरो) को अमेरिकी वस्तुहरूमा प्रतिभन्सार शुल्कलाई अनुमति दिएको थियो । ट्रम्पले संसारसँग अमेरिकी व्यापारलाई पुनः आकार दिने अभियान सुरु गरेका छन् र अगस्ट १ सम्ममा वासिङ्टनसँग सम्झौता नगरे दर्जनौं देशलाई दण्डात्मक भन्सार शुल्क लगाउने वाचा गरेका छन् । अर्को सम्झौता के हुने छ भनेर सोधिएको प्रश्नमा ट्रम्पले जवाफ दिए, 'यो ठूलो सम्झौता थियो । यी सबैमध्ये यो सबैभन्दा ठूलो हो ।' *रासस/एएफपी*


**कतारमा रोजगार** — कम्पनी : KRISHNA & KUMAR TRADING & SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०४/१२ | LT. No. 327942 | चलानी नं. ६०२४१८२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 2 | 0 | 1000 | ३७,९१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | CERAMIC WORKER | 3 | 0 | 1100 | ४१,७१० | | | | | | | |
| 3 | Hotel Cleaner | 0 | 2 | 1000 | ३७,९१९ | | | | | | | |
| 4 | Labur | 1 | 0 | 1000 | ३७,९१९ | | | | | | | |
| 5 | Office Cleaner | 0 | 3 | 1000 | ३७,९१९ | | | | | | | |
| 6 | Supervisor | 4 | 0 | 2500 | ९४,७९७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २० गते (5th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं.१६१५/०७९/०८०

**Leaders International Recruitment Agency Pvt. Ltd**

Kathmandu-3 Maharajgunj, Nepal. Tel: +977- 015916748, Email: leadersnepal1615@gmail.com

**युएइमा रोजगार** — कम्पनी : PRECISION METAL INDUSTRIES . L.L.C.

पूर्व स्वीकृति मिति : २०८२/०४/१२ | LT. No. 324325 | चलानी नं. ६०२४१८०६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 15 | 0 | 800 | ३०,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PANDIMEENAL CARPENTRY & FLOORING CONTRACTING L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०४/१२ | LT. No. 327304 | चलानी नं. ६०२४१८२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 4 | 0 | 1500 | ५६,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | BRICKLAYER | 3 | 0 | 1500 | ५६,३७५ | | | | | | | |
| 3 | Steel Fixer | 5 | 0 | 1500 | ५६,३७५ | | | | | | | |
| 4 | STONE MASON | 3 | 0 | 1500 | ५६,३७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २० गते (5th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUN RAY GLOBAL OVERSEAS PVT. LTD.**

Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202,
Email: sunray918@gmail.com, srgoverseas@gmail.com

LIC No. 918/067/68

**युएइमा रोजगार** — कम्पनी : SENTINELS SECURITY SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८२/०४/११ | LT. No. 327925 | चलानी नं. ६०२४१७८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 16 | 0 | 1600 | ६०,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २० गते (5th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 407/060/61

**Seagull International Global H.R. Consultants Pvt. Ltd.**

Sukedhara, Kathmandu, Nepal, Tel: 01-4375822/4375824, Mob: 9808818851, 9816060051, 9851015421, 9746458492, 9841781155, E-mail : cm.seagull55@gmail.com, Web: www.seagullnepal.com.np

**कतारमा रोजगार** — कम्पनी : DUKHAN CONSTRUCTION GROUP

पूर्व स्वीकृति मिति : २०८२/०४/१२ | LT. No. 327964 | चलानी नं. ६०२४१८१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | building worker | 5 | 0 | 1000 | ३७,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | plaster technician | 10 | 0 | 1200 | ४५,५०० | | | | | | | |
| 3 | electric | 2 | 0 | 1200 | ४५,५०० | | | | | | | |
| 4 | labourer | 15 | 0 | 1000 | ३७,९२० | | | | | | | |
| 5 | plumber assistant | 10 | 0 | 1200 | ४५,५०० | | | | | | | |
| 6 | pipe fitter | 10 | 0 | 1200 | ४५,५०० | | | | | | | |
| 7 | site supervisor | 5 | 0 | 2500 | ९४,७९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २० गते (5th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**

Shantinagar, Kathmandu, Nepal Tel.01-4620777, E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com, Website : www.sunlightrecruitment.com.np

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९३६०० | प्रति तोला – ० | प्रति तोला – २२९५ |



**वर्षामा हरियो मकै** | काठमाडौंको तारकेश्वर नगरपालिका-१० स्थित मनमैजुमा सोमबार बिहान पानी परेको बेला छाता ओढेर ठेलामा हरियो मकै बिक्री गर्न हिंडेकी महिला व्यापारी। *तस्बिर : हरिराम भेटुवाल/रासस*

# ‘निजी क्षेत्रको साझेदारितालाई फराकिलो बनाएर अघि बढ्छौं’

■ प्रभाव संवाददाता

**काठमाडौं–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले सरकार निजी क्षेत्रसँगको साझेदारितालाई फराकिलो बनाएर अघि बढ्ने विश्वास व्यक्त गरेका छन्।

मन्त्रालयमा सोमबार आयोजित ‘पर्यटनीति २०८२’ सार्वजनिक गर्दै मन्त्री पाण्डेले निजी क्षेत्रसँग मिलेर काम गर्न चाहेको स्पष्ट पारे। उनले भने, ‘निजी क्षेत्र आत्मविश्वासका साथ अघि बढोस्। सरकार समन्वय गर्न तयार छ। निजी क्षेत्र अघि बढ्यो भने मात्रै परिणाम आउन सक्छ। हामी निजी क्षेत्रसँग मिलेर काम गर्न चाहन्छौं।’ मन्त्री पाण्डेले २०७२ सालमा संविधान जारी भएसँगै सोही अनुरूप सङ्घीयता कार्यान्वयन गर्नका लागि मन्त्रालय नीतिगत रूपमा अघि बढेको बताए।

संस्कृति नीति र हवाई नीति मन्त्रिपरिषद्को विधेयक शाखामा छलफलका क्रममा रहेको उल्लेख गर्दै मन्त्री पाण्डेले १३ ऐनसमेत अघि बढिसकेको बताए। विसं २०६५ को पर्यटन नीतिलाई प्रतिस्थापन गर्दै नयाँ



पर्यटन नीतिमा अद्वितीय पर्यटकीय गन्तव्य नेपाल भन्ने शब्दावली नै नीतिको संरचना दूरदृष्टिका रूपमा राखेको उनले बताए। मन्त्री पाण्डेले पर्यटन नीतिसँग तादात्म्य हुनेगरी ऐन र नियमावली बनाएर प्रभावकारी कार्यान्वयन गरिने उल्लेख गरे।

मन्त्रालयका सहसचिव इन्दु घिमिरेले नीतिको उद्देश्य र प्राथमिकताबारे प्रस्तुतीकरण गर्दै पर्यटन क्षेत्रको दिगो विकासका लागि समयानुकूल नीतिगत सुधार गर्नुपर्ने विषयलाई समेटेर नीति ल्याइएको जानकारी दिए। उनले राष्ट्रिय अर्थतन्त्रमा पर्यटनको योगदान बनाउने गरी नीति अवलम्बन गरिएको उल्लेख गरे।

# उपल्लो मुस्ताङ पुगेका विदेशी पर्यटकबाट २९ करोड राजस्व

■ प्रभाव संवाददाता

**मुस्ताङ –** आर्थिक वर्ष २०८१/८२ मा उपल्लो मुस्ताङ भ्रमण गरेका विदेशी पर्यटकबाट नेपाल सरकारले रु २९ करोड ११ लाख ११ हजार राजस्व संकलन गरेको छ।

त्यहाँ चार हजार दुई सय १९ जना विदेशी पर्यटकले उपल्लो मुस्ताङको भ्रमण गरेवापत नेपाल सरकार अध्यागमन विभागले उक्त राजस्व संकलन गर्न सफल भएको हो।

सरकारले उपल्लो मुस्ताङलाई निषेधित तथा नियन्त्रित क्षेत्रको सूचीमा राखेका कारण उपल्लो मुस्ताङ भ्रमण गर्ने पर्यटकले उच्चस्तरको पर्यटकका रूपमा प्रवेशआज्ञा अनुमति लिनुपर्ने प्रावधान छ। त्यहाँ जाने विदेशी पर्यटकलाई अध्यागमनले विभागले १० दिनको प्रवेशआज्ञा अनुमतिपत्र स्वरूप पाँच सय डलर शुल्क उठाउने गरिएको छ। त्यहाँ अनुमति बेगर जाने विदेशी पर्यटकहरू अवैध रूपमा प्रवेश गरिएको मानिन्छ।

सरकारलाई त्यहाँ तोकिएको शुल्क बुझाएर अनुमति लिई जाने विदेशी पर्यटकलाई १० दिन कटेपछि थप दैनिक ५० डलर अतिरिक्त शुल्क तिर्नुपर्ने हुन्छ। सरकारले गत वर्ष त्यहाँ पुगेका विदेशी पर्यटकबाट २१ लाख नौ हजार पाँच सय अमेरिकन डलर राजश्व संकलन गरेको हो।

यहाँको वारागुङ मुक्तिक्षेत्र-४ कागबेनीदेखि माथिको क्षेत्रलाई सरकारले निषेधित तथा नियन्त्रित क्षेत्रको रूपमा घोषणा गरेकाले उपल्लो मुस्ताङमा एकदमै न्यून विदेशी पर्यटकहरू मात्रै पुग्ने गरेको पाइएको छ। आर्थिक वर्ष २०८१/८२ को बाह्र महिनाको अवधिमा ७३ राष्ट्रका कूल चार हजार दुई सय १९ जना विदेशी पर्यटकले उपल्लो मुस्ताङको भ्रमण गरेको एक्याप लोमान्थाङका प्रमुख उमेश पौडेलले जानकारी दिए।

उपल्लो मुस्ताङमा उक्त संख्यामा विदेशी पर्यटक भित्रिदा चार सय ३६ जना फ्रान्सेली पर्यटकले उपल्लो मुस्ताङको भ्रमण गरेका थिए। यो संख्या कूल विदेशी पर्यटक संख्याको (१०.३३) प्रतिशत हो। यसैगरी सोहीवर्ष सबैभन्दा कम १२ राष्ट्रका एकएक जना विदेशी पर्यटकले उपल्लो मुस्ताङको भ्रमण गरेको एक्याप लोमान्थाङ प्रमुख पौडेलको भनाइ छ।

एक्याप लोमान्थाङको तथ्यांकअनुसार आव २०८०/०८१ मा ७१ राष्ट्रका तीन हजार ४४३ जना विदेशी पर्यटकले उपल्लो मुस्ताङको भ्रमण गरेका थिए। त्यसबेला उपल्लो मुस्ताङ भित्रिने कुल विदेशी पर्यटक संख्यामध्ये ३९९ जना फ्रान्सेली पर्यटक थिए। यो संख्या कुल पर्यटकको (११.५८) प्रतिशत हो। यसैगरी सोही वर्ष सबैभन्दा कम ७ राष्ट्रका एकएक जना विदेशीले उपल्लो मुस्ताङको भ्रमण गरेको एक्याप लोमान्थाङको तथ्यांकमा उल्लेख छ।

चालु आवको साउनदेखि ११ गतेसम्ममा १५ राष्ट्रका ६६ जना विदेशी पर्यटकले उपल्लो मुस्ताङको भ्रमण गरेका छन्। जसमध्ये सबैभन्दा धैरै बेल्जियमका १३ जना र सबैभन्दा कम लक्जेम्बरका एक जना विदेशी पर्यटक छन्। आव २०८१/८२ को साउनदेखि असार महिनासम्म कूल एक लाख ५० हजार चार सय ५६ जना विदेशी पर्यटक मुस्ताङ भित्रिएका थिए। यहाँ भित्रिएका विदेशी पर्यटक संख्याको तुलनामा (२.८०) प्रतिशत मात्रै विदेशी पर्यटक उपल्लो मुस्ताङ भित्रिएको तथ्यांकले देखाउँछ।

## नेप्सेले अंक सच्याउँदा परिसूचक सकारात्मक

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से)ले अन्तिम १५ मिनेटको नेप्से गणना सच्याउँदै परिसूचक ७.१० अंकले बढेको जानकारी दिएको छ।

सोमबार बजार बन्द हुँदा दुई अंकले घटेको देखाएपछि नेप्सेको आलोचना भएको थियो। त्यसपछि नेप्सेले प्राविधिक गडबढी भएको जनाउँदै अध्ययन भइरहेको जनाएको थियो। पछि सुधार गर्दै नेप्से परिसूचक अद्यावधिक गरिएको हो। जसअनुसार नेप्से परिसूचक ७.१० अंकले बढेर दुई हजार ९७१.३१ बिन्दुमा कायम भएको नेप्सेले जनाएको छ।

# कम्पनीको वार्षिक विवरण स्वचालित

**काठमाडौं (प्रस)–** कम्पनी रजिष्ट्रारको कार्यालयले कम्पनीहरूको वार्षिक विवरण अभिलेखनसम्बन्धी प्रमाणपत्र अब स्वचालित रूपमा उपलब्ध हुने नयाँ प्रणालीको सुरुवात गरेको छ। कार्यालयले २०८१ साल साउन ११ गतेदेखि लागू हुने गरी यो व्यवस्था सञ्चालनमा ल्याएको हो।

यस नयाँ व्यवस्थाअनुसार अबदेखि कम्पनीहरूले आफ्नो वार्षिक विवरण अनलाइन प्रणालीमार्फत पेश गरेपछि आवश्यक दस्तावेजहरू सही ढंगले अपलोड भएमा प्रमाणपत्र स्वत: प्रणालीबाट प्राप्त हुनेछ। यसअघि कम्पनीहरूलाई उक्त प्रमाणपत्रका लागि छुट्टै निवेदन दिनुपर्ने झन्झट थियो, जुन अब हटाइएको छ।

कम्पनी रजिष्ट्रारको कार्यालयका अनुसार, अब सेवाग्राहीहरूले वेबसाइटमार्फत आफ्नो विवरण अद्यावधिक गरी प्रमाणपत्र सजिलै प्राप्त गर्न सक्नेछन्। यसले सेवा प्रवाहलाई सरल, पारदर्शी र छरितो बनाउने अपेक्षा गरिएको छ। कार्यालयले जानकारी दिएको अनुसार, जरिवाना तथा दस्तुर बुझाएपछि, विवरणको मस्यौदा परीक्षण गरी अन्तिम रूपमा पेश गर्ने प्रक्रिया पूरा गरेपछि प्रमाणपत्र प्रणालीबाट आफैं डाउनलोड गर्न सकिनेछ।

# ज्योति विकास बैंकको इन्टरबैंक टेलर क्युआर भुक्तानी सेवा

**काठमाडौं (प्रस)–** ज्योति विकास बैंक लिमिटेडले १७ औं वार्षिकोत्सवको अवसरमा डिजिटल सेवा प्रवर्द्धन र ग्राहक मैत्री सेवा प्रदान गर्ने प्रतिबद्धतालाई निरन्तरता दिंदै इन्टर बैंक टेलर क्यूआर पेमेन्ट सेवा सञ्चालनमा ल्याएको छ। यस डिजिटल सेवाको माध्यमबाट अब ज्योति विकास बैंकमा खाता नभएका नागरिकहरूले पनि आफ्नो सम्बन्धित बैंकको मोबाइल बैंकिङ एपको प्रयोगबाट ज्योति विकास बैंकको जुनसुकै शाखामा गई नगद निकाल्न सक्नेछन्।

ज्योति विकास बैंकको शाखाहरूमा रहेको तोकिएको क्यूआरलाई स्क्यान गरी नगद निकाल्न पाइने यस सुविधाले आम नागरिकहरूलाई थप सहजता हुने विश्वास बैंकले बोकेको छ। यो सेवा उपयोग गर्न, सेवाग्राहीको नेपालभित्रको जुनसुकै बैंक तथा वित्तीय संस्थामा खाता तथा सो खातासँग सम्बन्धित मोबाइल बैंकिङ्ग सुविधा सक्रिय रहेको हुनुपर्छ। ज्योति विकास बैंकमै खाता हुनुपर्छ भन्ने छैन। यस भुक्तानी सेवा प्रयोग गर्नलाई ग्राहकले आफ्नो वैध परिचयपत्र अनिवार्य रूपमा प्रस्तुत गर्नुपर्छ। एटीएम अथवा आफ्नो सम्बन्धित बैंकको शाखा




पायक नपरेको अवस्थामा ज्योति विकास बैंकमा खाता नभएता पनि यो सुविधा उपलब्ध हुनेछ। ज्योति विकास बैंकले डिजिटल प्रविधिको प्रयोगमार्फत ग्राहकको सुविधा, पहुँच र सन्तुष्टिमा केन्द्रित रही आधुनिक बैंकिङ्गको दिशामा सार्थक कदम अघि बढाउने उद्देश्यपूर्ति स्वरूप यो सेवा पनि थप गरेको हो। भविष्यमा अझ प्रभावकारी र नविनतम समाधानमार्फत ग्राहक सेवालाई थप सशक्त बनाउँदै लैजाने बैंकको दिगो प्रतिबद्धता रहेको छ।

बैंकले हालैमात्र सूचना सुरक्षा व्यवस्थापन प्रणालीद्वारा अन्तर्राष्ट्रिय मान्यता प्राप्त आईएसओ २७००१:२०२२ प्रमाणपत्र प्राप्त गरेको छ। बैंकले ग्राहकहरूलाई सुविधाजनक र सुरक्षित वित्तीय पहुँच प्रदान गर्ने अनलाइन र मोबाइल बैंकिङ्ग प्लेटफर्महरूलाई सुव्यवस्थित गर्दै विभिन्न आधुनिक डिजिटल बैंकिङ्ग सेवा र सुविधाहरू उपलब्ध गराउँदै आएको छ। बैंकले विकास बैंकहरूमा पहिलोपटक भ्वाईस अडियो बक्स क्यूआर सेवा सुचारु गरी क्यूआर मर्चेन्टहरूको सहजता सुनिश्चित गरेको छ। यसैगरी, डिजिटल बैंकिङ्ग र नगद रहित कारोबार प्रवर्द्धन गर्दै क्रस-बोर्डर भुक्तानी सेवा पनि सञ्चालन गरेको छ।

**भू-संरक्षण गरौं।**

**भू-संरक्षणका उपायहरूः**

- गोरेटो बाटो बनाउँदा सिढी बनाऔं,
- खेती गर्दा गहरा बनाई गरौं,
- भूक्षय रोक्ने रूख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटविरूवा रोपौं,
- बिना अनुमति गिटी, बालुवा, माटो, ढुंगा उत्खनन् नगरौं,
- सकेसम्म माटोमा रासायनिक मलको प्रयोग नगरौं,
- पानी संरक्षणका उपायहरु अपनाऔं,
- स्थानीय जैविक खेती, कृषि वन विधि अपनाऔं।

**‘माटो बचाऔं, भविष्य जोगाऔं**

**नेपाल सरकार विज्ञापन बोर्ड**

अब मात्र एक क्लिकमा...

**www.prabhabonline.com**

facebook www.facebook.com/Prabhab Online

प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ